जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

## भुल सुधार

यस जनकपुर टुडेको २०८० चैत्र २३, २४ र २५ गतेको पत्रिकाको अंक ३०७, ३०८ र ३०९ हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरिएको छ।

-सम्पादक

वर्ष २५ •अंक ३१० • २०८० साल चैत्र २६ गते सोमबार (8 April, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## डिएसपीसहित ९ प्रहरी घाइते



**टुडे समाचारदाता**

इनरुवा । कोशी प्रदेशको सुनसरी हरिनगर वडा- ४ मा आइतबार अपराह्न प्रहरीको टोलीमाथि प्रदर्शनकारीले आक्रमण गर्दा स्थिति तनावपूर्ण बनेको छ।

प्रदर्शनकारीको आक्रमणमा जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता समेत रहेका डिएसपी नवीनकृष्ण भण्डारी सहित ९ जना सुरक्षाकर्मी घाइते भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक विपिन रेग्मीले बताएका छन्।

घटनामा घाइते भएका सुरक्षाकर्मीहरुको स्थानीय अस्पतालमा उपचार भएको छ। उपचारपछि सबै सुरक्षाकर्मी डिस्चार्ज भइसक्केको उनले बताए।

अपराह्न हरिनगरमा प्रदर्शन चर्किएपछि प्रहरीले १२ राउण्ड हवाइफायर, २९ सेल अश्रुग्यास प्रहार गरेको पुष्टि गरिएको छ। प्रदर्शनकारीले सुरक्षाकर्मीमाथि ढुंगामुढा प्रहार गर्नुका साथै घेराबन्दीमा पारेर निर्घात कुटपिट गरेको बताइएकोछ।

नेतृत्वविहीन रहेका प्रदर्शनकारीले सादा पोसाकमा रहेका दुई जना प्रहरीलाई निर्घात कुटपिट गरी हतियार लुट्ने प्रयास गरेका छन्। प्रहरीको साथबाट ७ राउण्ड गोली लोड भएको पेस्तोल लुटे पनि प्रहरीले बल प्रयोग गरेर फिर्ता गराउन सफल भएको जनाइएको छ। प्रदर्शनकारीले हरिनगर बजारमा रहेको एउटा घरमा तोडफोड गरेको प्रहरीले जनाएको छ।

सुनसरी जिल्लाको रामनगर गाउँपालिकाको भुटहामा गत बिहीबार हरिनगर -३ बस्ने ३० वर्षीय जीवन मेहतालाई कुटपिट गरेको घटनापछि तनावपूर्ण बनेको सुनसरीमा स्थानीय प्रशासनको पहलमा भएको सहमति पनि प्रभावकारी हुन सकेको छैन ।प्रदर्शनकारीहरुले मेहतालाई कुटपिट गर्नेहरुलाई नियन्त्रणमा लिएर कारबाहीको माग गरिरहेका छन्।

शान्ति सुरक्षालाई दृष्टिगत गर्दै हरिनगर गाउँपालिका पूरै क्षेत्र र देवानगञ्ज वडा- १ र ७ मा कर्फ्यु आदेशलाई निरन्तरता दिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बताएका छन्।

# भारतमा लोकसभा चुनावका लागि मदिरा तस्करी

- वीरगञ्जमा ९६ कार्टुन
- कस्तुरी बरामद
- चालक फरार
- टाटा सुमो प्रहरी नियन्त्रणमा

**अनिल तिवारी**

वीरगञ्ज । भारतमा हुन लागेको लोकसभा निर्वाचनको मुखमा नेपालबाट मदिराको तस्करी बढेको छ ।चुनावमा मतदातालाई प्रभावित गर्न सस्तो मूल्यका मदिराहरु तस्करी भएर भारतको बिहार जान थालेको बताइएको छ।

नेपालबाट अवैध रुपमा भारततर्फ लग्न थालेको नेपाली मदिरा सशस्त्र प्रहरी बलले वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १७ कोनिया सीमावर्तीबाट बरामद गरेको छ।

शनिबार अबेर राति टाटासुमो गाडीमा लोड गरी भारतको बिहारमा तस्करी गर्न लागिएको ९६ कार्टुन शीलबन्दी मदिरा सशस्त्र प्रहरीले बरामद गरेको छ । गस्तीमा रहेको प्रहरीले वीरगन्ज महानगरपालिका वडा नम्बर १७ कोनियाबाट रक्सी बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ।

सीमा सुरक्षा गुल्म अलौंबाट खटिएको सशस्त्र प्रहरीको गस्ती टोलीले शनिबार मध्यराति बीआर १० जे ८२०१ नम्बरको टाटा सुमो गाडीको चेकजाँच गर्ने क्रममा रोके पछि चालक फरार भएका थिए । नाकामा रोकिएको गाडीलाई चेकजाँच गर्दा सो मदिरा बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ । सशस्त्र प्रहरीले गाडी रोक्ने बित्तिक्कै चालक फरार भएको जनाएको छ।



गाडीबाट कस्तूरी ब्राण्डको ९६ कार्टुन शीलबन्दी मदिरा बरामद गरिएको सशस्त्र प्रहरी बल पर्साका प्रहरी उपरीक्षक किसन कर्माचार्यले बताएका छन्।

मदिरासहितको भारतीय नम्बरको टाटासुमो गाडी नियन्त्रणमा लिएर आवश्यक कारबाही अघि बढाइएको प्रहरी उपरीक्षक कर्माचार्यले बताए। बरामद गरिएको मदिराको बजार मूल्य १ लाख ३३ हजार ५ रुपैयाँ मूल्यांकन गरिएको उनले बताए।

बरामद गरिएका मदिरा र गाडी आवश्यक कारबाहीका लागि आइतबार वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको बताउँदै उनले भने, 'भारतमा भइरहेको लोकसभा चुनावका लागि मदिरा लग्न थालेको होला ?'

भारतको बिहार राज्यमा झण्डै एक दशक यता देखि मदिराको उत्पादन, ओसारपसार, बिक्री वितरण र सेवनमा प्रतिबन्ध लगाइएको छ । बिहारसित सीमा जोडिएको नेपाली बजारहरुबाट भारी परिमाणमा अवैध रुपमा मदिरा जाने गरेको बताइन्छ।

भारतमा ५ चरणमा लोकसभाको चुनाव हुँदैछ। पहिलो चरण चुनावका लागि नामांकन भइसकेको छ। बिहारमा मदिराको बेचबिखन र सेवनमा कडा प्रतिबन्ध छ। मदिरा बेचबिखन, सेवनमा पक्राउ पर्नेलाई जेल र जरिवाना दुवै गरिन्छ।

नेपाली बजारमा सस्तो मूल्यका ब्राण्डेड मदिरा र स्थानीय स्तरमा उत्पादन गरिने अवैध मदिरा(लोकल)को तस्करी बढेको भारतीय सुरक्षा अधिकारीहरुले पनि परोक्ष रुपमा स्वीकार्ने गरेका छन् । तर भारतीय क्षेत्रमा सुरक्षा व्यवस्थालाई अत्यन्त कडा बनाइएको छ।

सीमावर्ती क्षेत्रमा तैनाथ रहेका सशस्त्र सीमा बल(एसएसबी) र बिहार प्रहरी, मदिरा नियन्त्रण विशेष फोर्सले चेकजाँचमा अत्यन्त कडाई गरेका छन् ।तरपनि सीमावर्ती क्षेत्रमा तस्करी रोकिएको छैन् ।भारतबाटपनि दिनहुँ भारी परिमाणमा लागुऔषध सहित किरानाका समान, लत्ताकपडा लगायत अबैध रुपमा नेपाल भित्रिने गरेको छ।

त्यसैगरि नेपालबाट अबैध रुपमा मदिरा, गाँजा लगायतका सामग्रीहरु भारत तर्फ तस्करी हुने गरेको छ ।भारतीय अधिकारीहरुको आग्रहमा सीमासित जोडिएको नेपाली भूभागमा समेत मदिराको बेचबिखन गर्न दिएको छैन् ।चुनावको मुखमा भित्रिन थालेको मदिराले मतदाताहरुलाई प्रभावित गर्न सक्ने नेताहरुको विश्वास छ।

सीमावर्ती सुरसण्डका पत्रकार राजु सोनीका अनुसार नेपालबाट अबैध रुपमा भारत भित्रिने मदिरालाई नियन्त्रण गर्न कडाई गरिएपनि रोकिएको छैन् ।सीमा क्षेत्रमा तैनाथ सुरक्षाकर्मीहरुका लागि तस्करी भएर आउने मदिरालाई नियन्त्रण गर्नु ठूलो चुनौती भएको उनी बताउँछन्।







# 'स्थानीय तहदेखि केन्द्रसम्मका सबैले देश विकासका निम्ति राष्ट्रिय सङ्कल्प गरौँ'

**काठमाण्डु** । मुलुकको राजनीति हामीले कल्पना गरेकोभन्दा फरक ढङ्गले अघि बढेको छ । निर्वाचनमा वामपन्थी र प्रजातान्त्रिक शक्तिबीच संविधानको रक्षा गर्दै सङ्घीयतालाई प्रभावकारी रूपमा अघि बढाउने कार्यसूची र प्रतिबद्धतासहितको चुनावी तालमेललाई मतदाताले अनुमोदन गरेका थिए । सङ्घीयतालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न नपाउँदै गठबन्धन भत्किने अवस्था बन्यो । फेरि जोडियो, अहिले पुनः भत्किएको अवस्था छ । निर्वाचनका बेला राजनीतिप्रति देखिएको उत्साहलाई प्रमुख शक्तिबीच अहिले भइरहेका घटनाक्रमले निराशा पैदा गरेको छ । गठबन्धनका नाममा हुने यस्ता घटनाले जनतालाई धोका दिइरहेको महसुस हामीले गरेका छौँ ।

सङ्घीय संसद्को जारी विधेयक अधिवेशन भए पनि कानुन निर्माणका सन्दर्भमा सुस्त नै देखिएको छ । संविधान र सङ्घीयता कार्यान्वयनका सिलसिलामा अझै ४० भन्दा बढी महत्त्वपूर्ण विधेयक टुङ्ग्याउनुपर्ने छ । हामी अहिले पनि मुख्य जिम्मेवारी कानुन निर्माणभन्दा सत्ता समीकरणको खेलमा लागेका छौँ । सदनका सम्पूर्ण कामकारबाही ओझेलमा परेका छन् । राजनीतिक दलले संसदीय व्यवस्था र संसद्प्रति खेल्नुपर्ने भूमिका ओझेलमा परेको छ । सांसदको प्रमुख भूमिका भनेको कानुन निर्माण नै हो । कानुन निर्माणसँगै संसद्को अरु पनि भूमिका हुन्छ । जनता र समाजसँग प्रत्यक्ष जोडिएका सामाजिक, आर्थिक र विकासका विषयमा पनि सांसदको सहभागिता रहन्छ ।

दलीय व्यवस्थामा पार्टीको ह्वीप लाग्छ । हुन त सांसद स्वतन्त्र र सार्वभौम हुनुपर्ने हो । हामीलाई पनि कतिपय विषयमा चित्त बुझिरहेको अवस्था होइन, तर पनि दलको निर्देशनलाई बेवास्ता गरेर जान सक्ने अवस्था हुँदैन । हामीले जति विधायकको रूपमा भूमिका निर्वाह गर्नुपर्थ्यो त्यो नभइरहेको अनुभूति छ ।

हामीले अभ्यास गरिरहेको संसदीय प्रणाली उत्कृष्ट राजनीतिक व्यवस्था हो ।

यसको गरिमा र अभ्यासप्रति हामीलाई गौरव छ । संसदीय व्यवस्थाको संस्कारअनुसार हामीले यसलाई अघि बढाउन सकेनौँ । विगतका राजनीतिक व्यवस्था परिवर्तनका सहयात्रीबीच सदनमा हार्दिकताका साटो देखिइरहेको आरोप–प्रत्यारोपको घटना पक्कै पनि दुःखदायी छ । संसदीय व्यवस्थामा सत्तापक्ष र प्रतिपक्षबीच आरोप-प्रत्यारोप हुनु स्वाभाविक मानिएता पनि नेपालमा भने स्वार्थ केन्द्रित भएर त्यो हुने गरेको छ । आफूले गरेका सबै ठिक अरुले गरेका सबै बेठिक भन्ने चलन र मानसिकता दलहरूमा देखिन्छ । यो व्यवस्थाको विकल्प नभएकाले थप सुदृढ र सुन्दर बनाउनेतर्फ सबै लाग्नुपर्छ । यही व्यवस्थाबाट मुलुकलाई विकास र समृद्धिमा पुर्‍याउनुपर्छ । त्यसका लागि प्रमुख परिवर्तनकारी दलहरू राष्ट्र निर्माण र जनताका समस्या सम्बोधन गर्ने मामिलामा एक ठाउँमा उभिनुपर्छ । प्राप्त अवसरको सदुपयोग गर्नुपर्छ, चुक्न हुन्न । संविधानसभाबाट संविधान बनाउने बेलाजस्तै एकढिक्का हुनुपर्छ । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेसँगै राजनीतिक एजेण्ड समाप्त भएको छ । अब सबै शक्ति मिलेर आर्थिक क्रान्तिको बाटोमा मुलुकलाई अघि बढाउनुपर्छ । देशलाई उत्पादनसँग जोड्नुपर्छ,



युवा र बौद्धिक शक्तिलाई परिचालन गर्नुपर्छ । सत्ताको खेल र राजनीतिक स्वार्थ नत्यागेसम्म मुलुक बन्दैन । आर्थिक, परराष्ट्र, रोजगारी, कृषि, पर्यटनलगायत क्षेत्रको विकास र विस्तारमा प्रमुख दलहरू एक ठाउँमा बसेर २० वर्षको खाका तयार पारेर काम गर्नुपर्छ । त्यो भएमा नेपाली जनताको मुहारमा उज्यालो छर्न सक्छौँ । होइन, अहिलेकै जस्ता सरकार गठन गर्ने र ढाल्ने अभ्यास जारी राखियो भने अझै अप्ठ्यारो र चुनौतीको सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।

देशको प्रमुख शत्रुका रूपमा रहेको भ्रष्टाचार न्यूनीकरण गर्न सबैभन्दा पहिला राजनीतिक नेतृत्व सच्चिनुपर्छ । त्यसो भएमा कर्मचारीतन्त्र स्वतः सच्चिन्छ । भ्रष्टाचार किसान र मजदुरले गरेका छैनन् । जो टाठोबाठो छ, जसले पढेको छ, जसले नेतृत्व लिएको छ, तिनले नै भ्रष्टाचार गरेका छन् । त्यो भनेको कि राजनीतिक दल छन् कि कर्मचारीतन्त्र छ । संविधानले व्यवस्था गरेको मौलिक हकलाई आधार बनाएर जनतालाई सेवासुविधा उपलब्ध गराउने र भ्रष्टाचारमा निर्मम भएर उभिनुपर्छ । अहिले नेपालमा भ्रष्टाचार प्रमुख शत्रुका रूपमा छ । वडामा टोल विकास समितिदेखि राज्यको उच्च निकायसम्म भ्रष्टाचार छ । यसलाई न्यूनीकरण गर्न सेवा र त्यागको भावना हुनुपर्छ । उदाहरण संसारको दिन्छौँ, आफू केही गर्दैनौँ । देशलाई विकासको शिखरमा पुर्‍याउन कति पुस्ताले त्याग गरे ।

त्यो मनन गर्नुपर्छ । यो पुस्ताले त्याग नगर्ने हो भने अर्को पुस्ताले पनि गर्दैन । समाज र राष्ट्रपति समर्पित भई भ्रष्टाचार न्यूनीकरण गर्न राजनीतिक स्थिरता, कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप अन्त्य र बलियो सरकार हुनुपर्छ ।

नेपाली जनताको चेतनासँग जोडिएकाले हाल अभ्यासमा रहेको निर्वाचन प्रणालीमा केही सुधार गर्नुपर्छ भन्ने लाग्छ । कस्तो व्यक्तिलाई नेता बनाउने, कस्तालाई नेतृत्वमा पठाउनेभन्दा पनि पैसा लिएर, भोज खाएर, विकाससँग साटेर मत हाल्ने अभ्यासले जरा गाडेको छ । अहिलेको निर्वाचन प्रणालीले निष्ठाको राजनीति ओझेलमा पर्छ, देश चल्न सक्दैन । केही सुधार ल्याउनुपर्छ । प्रत्येक राजनीतिक पार्टीले स्वच्छ छवि भएका, राष्ट्रलाई केही गरौँ भन्ने भावना बोकेका व्यक्तिलाई प्रोत्साहन गरौँ । इमान्दार रोजौँ ।

विश्व समुदायमा नेपालीको इमान, अनुशासन, साहस र बलिदानले ख्याति कमाएको छ, सम्मान पाएको छ । संसार अहिले नवीनतम् प्रविधिको अभ्यासमा छ । हामीले यहीँबाट विश्वलाई देखेका छौँ । प्रविधिले त्यो सम्भव गराएको छ । हामीले आफ्नो माटोप्रतिको भावना र राष्ट्रपतिको माया जगाउन सक्नुपर्छ । हाम्रो ठूला सङ्ख्यामा युवा र बौद्धिक शक्ति बाहिर गइरहेको छ । जसले त्यहाँको माटो र बाटो बनाउन योगदान गरिरहेका छन् । युवा र विद्यार्थी विदेश पलायनले हाम्रो देश बनाउने कसले भन्ने प्रश्न उठेको छ । हामीले युवालाई राष्ट्रिय भावनाले ओतप्रोत बनाउन सक्नुपर्छ । तलदेखि माथिसम्मकालाई यो देशमा केही गर्छु, एकछाकमात्रै खाएर पनि देश बनाउँछु भन्ने भावना जगाउनुपर्छ । विश्वका धनी देश पनि त्यत्तिकै बनेका होइनन्, त्यहाँका नेता तथा जनताको ठूलो मेहनत र तपस्या छ । यत्रो राजनीतिक परिवर्तन र विश्वमा बेग्लै पहिचान बनाउन सक्ने नेपाली आफ्नो देशको आर्थिक अवस्था बदल्न किन सक्दैनौँ भनेर अब बहसमा ल्याउनुपर्छ । त्यो सोच्ने बेला आइसक्यो ।

अहिलेसम्मको परिवर्तनमा नेपाली जनताको महत् योगदान छ । जनताका निराशा केही समयभित्रै अन्त्य गर्नुपर्छ । अब हामी सबै देश बनाउन जुटौँ । हामी देश र जनताको हितका लागि इमान्दार भएर लाग्छौँ । तपाईंहरू पनि साथ दिनुहोस् ।

स्थानीय तहदेखि केन्द्रसम्मका सबैले देशको चौतर्फी विकासका निम्ति राष्ट्रिय सङ्कल्प गरौँ, देश बनाऔँ ।

स्याङ्जा जिल्ला पुतलीबजार-४ का स्थायी बासिन्दा सांसद राजु थापा २०५२ सालमा नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेसँगै राजनीतिमा सक्रिय हुनुभयो । विसं २०६५ मा नेपाल तरुण दल केन्द्रीय विभाग सदस्य तथा पार्टी महासमिति सदस्य हुनुभएका उहाँ २०७० मा संविधानसभा सदस्य हुनुहुन्थ्यो । २०७८ सालमा नेपाली कांग्रेसको जिल्ला सभापति भएर जिम्मेवारी सम्हाल्नु भएका उहाँ २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्याङ्जा क्षेत्र नं १ बाट प्रत्यक्ष निर्वाचित सांसद हुनुहुन्छ ।रासस

# विधेयक फिर्ता लिन स्वीकृति दिने निर्णय



**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले सङ्घीय संसद् सचिवालयमा दर्ता भएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता लिन स्वीकृति दिने निर्णय गरेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यही चैत २२ गते बसेको मन्त्रिपरिषद्को बैठकको उक्त निर्णय गरेको आइतबार सिंहदरबारमा सञ्चारकर्मीलाई जानकारी दिनुभयो । अन्तर्राष्ट्रिय कृषि विकास कोषबाट रु नौ अर्ब ४५ करोड बराबरको हुलियतपूर्ण ऋण सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिन अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने निर्णयसमेत भएको उहाँले बताउनुभयो ।

बैठकले श्रम अदालतको मुकाम काठमाडौँमा रहने गरी तोकिएकामा सो को सट्टा श्रम अदालतको मुकाम काठमाडौँ उपत्यमा रहने गरी तोक्ने निर्णय गरेको छ । यस्तै प्राविधिक प्रहरी समून्नततर्फको प्रहरी नायब महानिरीक्षक विशेष दुई पद सिर्जना गर्ने सरकारले निर्णय गरेको छ । यसैगरी संयुक्त राज्य अमेरिकाको सान डिएगो, क्यालिफोर्नियाका लागि अवैतनिक नेपाली महावाणिज्यदूत ऋषि पुनाखर ढकाल र जर्मनीको नर्थ राइन, वेष्टफालिया ब्रेमेन र लोअर स्याक्सोनी क्षेत्रका लागि अवैतनिक महावाणिज्यदूत रामप्रताप थापाको पदावधि थप गर्ने निर्णयसमेत मन्त्रिपरिषद्को बैठकले गरेको छ ।

दैलेखको नारायण नगरपालिकालाई फोहरमैला सङ्कलन, व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणका लागि राष्ट्रिय वनको तीन हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय भएको मन्त्री शर्माले जानकारी दिनुभयो । यस्तै मकवानपुरको मनहरी गाउँपालिकालाई मनहरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न राष्ट्रिय वनको शून्य दशमलव दुई हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ ।

मुगुको छायाँनाथ रारा नगरपालिका, डोटीको आदर्श गाउँपालिका, सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका, जुम्लाको गुठीचौर गाउँपालिका, रौतहटको परोहा नगरपालिलका र कञ्चनपुरको पुनर्वास नगरपालिकालाई विभिन्न परियोजना सञ्चालन गर्नका लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ । यस्तै रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको अध्यक्ष पदमा प्रा डा पशुपति चौधरी र सदस्यमा डा वीरेन्द्रप्रसाद यादवलाई नियुक्त गर्ने बैठकले निर्णय गरेको छ । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सदस्यमा डा ज्ञानेन्द्रमान सिंह कार्कीलाई मनोनयन गर्नेसमेत बैठकले निर्णय गरेको छ ।

मन्त्रिपरिषद् बैठकले नेपाल खानेपानी संस्थापन कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावली, २०८० सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने र ठूला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८० लाई स्वीकृत गर्ने निर्णय गरेको छ । यस्तै, बैठकले नेपाल सरकार र अन्य मुलुकबीच गरिने द्विपक्षीय लगानी सम्झौताको नमुना ढाँचा स्वीकृत गर्ने निर्णय गरेको छ । बैठकले राष्ट्रिय तथ्याङ्क कार्यालयको सचिव तोयम राया र नेपाल वनसेवा, फरेष्ट रिसर्च समूहका सहसचिव सावित्री अर्यालको राजीनामा स्वीकृत गरेको मन्त्री शर्माले जानकारी दिनुभयो ।रासस

# सरकार सुशासनको पक्षमा निरन्तर लागिपरेको सञ्चारमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माले सरकार सुशासनको पक्षमा निरन्तर लागिपरेको बताएकी छन् ।

प्रेस सेन्टर नेपालको केन्द्रीय पदाधिकारीको पाँचौ बैठकलाई सम्बोधन गर्दै मन्त्री शर्माले बेथिती र गलत प्रवृत्ति विरुद्ध अन्तिम समयसम्म लडिरहने बताईन् ।

> प्रेस सेन्टर नेपालको केन्द्रीय पदाधिकारीको पाँचौ बैठकलाई सम्बोधन गर्दै मन्त्री शर्माले बेथिती र गलत प्रवृत्ति विरुद्ध अन्तिम समयसम्म लडिरहने बताईन् ।

विशेषगरी आइटी क्षेत्रमा सीमित व्यक्तिको हालीमुहाली रहेको र त्यसलाई तोडन खोज्दा पटक-पटक मुद्दा मामिला बेहोर्नु परेको उनको भनाइ छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लिनुभएको सुशासन र समृद्धिको लक्ष्य पूरा गर्न सञ्चार मन्त्रालय र मातहतका निकायहरु जोडतोडका साथ लागिपरेको उनको भनाइ थियो । आमसञ्चारका क्षेत्रमा सञ्चार मन्त्रालयले अहिले बढीभन्दा बढी काम गरिरहेको भन्दै मन्त्री शर्माले मन्त्रालयले ल्याएको मिडिया काउन्सिलसम्बन्धी विधेयकले सबै प्रकारका मिडियालाई संरक्षण, नियमन गर्न सक्ने बताईन् ।

"मन्त्रालयले तयार पारेका विभिन्न ऐन कानुन कार्यान्वयनमा आएपछि आमसञ्चार क्षेत्रमा आमूल परिवर्तन हुन्छ", मन्त्री शर्माले भनिन्, "सञ्चार मन्त्रालयमा भएका कामले वर्तमान सरकारले गरेका सुशासन, र समृद्धि लक्ष्यलाई साथ पुग्दै आएको छ ।"माओवादीले अहिलेसम्म ऊर्जापछि सबैभन्दा धेरै पटक सञ्चार मन्त्रालयको नेतृत्व लिएको भन्दै उनले त्यसैको परिणाम अहिले गाउँगाउँका जनता हातहातमा सञ्चारको पहुँच पुऱ्याउन सकिएको बताईन् ।

मन्त्री शर्माले माओवादीले नेतृत्व सम्हालेका मन्त्रालयले हरेक पटक कहीँ न कहीँ नेपाली जनताले परिवर्तनको महसुस गर्न पाएको उल्लेख गरेकी थिईन् ।

# स्वास्थ्य बीमाको भुक्तानी व्यवस्थालाई सरल बनाउन प्रधानमन्त्रीको सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नागरिकले सर्वसुलभ तरिकाले सेवा लिन सक्ने स्वास्थ्य बीमा कार्यक्रमको भुक्तानी व्यवस्थालाई सरल बनाउन सुझाव दिएका छन् । स्वास्थ्य बीमा दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले भुक्तानी व्यवस्थालाई नागरिकमैत्री बनाई अगाडी बढ्नुपर्नेमा जोड दिएका हुन् । उनले अनलाइन सदस्यता दर्ताको व्यवस्था, सही समयमा दाबी गर्ने प्रणाली, प्रविधिमैत्री बीमा प्रणाली जस्ता व्यवस्था र प्रावधानहरू चुनौतीलक्षित सुधारका योजनाहरू रहेको बताउदै स्वास्थ्य सेवालाई समतामूलक ढङ्गले स्वास्थ्य बीमामार्फत उपलब्ध गराई 'सुशासन, सामाजिक न्याय र समृद्धि' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न कार्यक्रमलाई सार्थक र प्रभावकारी बनाउनुपर्ने र यसका लागि सरकार सधैँ प्रतिबद्ध रहेको बताए ।

यस कार्यक्रममा आकर्षण बढाउन राज्य र सेवाप्रदायक निकायबाट लिनुपर्ने महत्वपूर्ण कार्यभारलाई पूरा गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले बीमितले सेवा लिने



प्रक्रिया सरल बनाउने, सेवाको गुणस्तर कायम गर्ने, सेवाप्रदायक संस्थाहरूलाई अझ सेवामैत्री बनाउनेलगायतका विषयमा ध्यान निर्देशन दिएका थिए । उनले सुशासन तथा वित्तीय अनुशासन कायम राख्ने र स्वास्थ्य बीमा कार्यक्रमबारे प्रभावकारी साक्षरता अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

नेपाल सरकारले उच्च प्राथमिकतामा राखी सबै स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने एवं सङ्घीय, प्रदेश र स्थानीय सरकारबाट प्रदान गरिने सेवा तथा सिफारिसमा स्वास्थ्य बीमा कार्ड अनिवार्य गर्नेजस्ता महत्त्वपूर्ण नीतिगत सुधारहरूबाट स्वास्थ्य बीमा कार्यक्रमको मात्रा र गुणस्तरमा विकास हुने अपेक्षा गरिएको बताए ।

बीमा रकमलाई बढोत्तरी गरी स्वास्थ्य कार्यक्रममा आकर्षण एवं प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै यस कार्यक्रमलाई राष्ट्रिय गौरवको कार्यक्रमका रूपमा विकास गर्न सकिने प्रधानमन्त्री प्रचण्डले बताए । उनले स्वास्थ्य बीमा कार्यक्रमको सम्भावनालाई दृष्टिगत गर्दै आवश्यक अध्ययनका आधारमा यथोचित निष्कर्षमा पुगिने स्पष्ट पारेका थिए ।

लोककल्याणकारी राजयको अवधारणा अनुरुप नागरिकको स्वास्थ्यप्रति प्रतिबद्ध रही 'तपाईंको स्वास्थ्य हाम्रो अठोट' भन्ने मूल नाराका साथ २०७२ चैत २५ गतेदेखि कैलाली जिल्लाबाट सुरुवात गरिएको स्वास्थ्य बीमा कार्यक्रम राज्यको प्राथमिकता प्राप्त सहभागितामूलक कार्यक्रम हो । कार्यक्रमको दायरा बिस्तार गरी यसलाई सार्थक र प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्रीको भनाइ छ । आइतबार देखि उक्त कार्यक्रम सात सय ५३ वटै स्थानियतहमा सुरु भएको जनाइएको छ ।

कार्यक्रममा स्वाथ्य बीमा बोर्डका अध्यक्ष डा गुणराज लोहनीले बीमाको दायरालाई थप बिस्तार गरिएको जानकारी दिए । त्यसैगरि राष्ट्रिय योजना आयोगका सदस्य प्रा डा शिवराज अधिकारीले बीमा कार्यक्रमको महत्व, यसको आवश्यकता र सुधारका विभिन्न पाटा पक्षबारेमा चर्चा गर्दै कार्यक्रमलाई थप सरल बनाउनका लागि पहल गरिने बताए ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**वीरगन्जको** अलौमा रहेको आइसिपिमा अर्थमन्त्री बर्षमान पुनको निरिक्षणको कारण कडाइगरिएपछि गाउको बाटो भएर भारत निर्मित कुरकरे र चिप्स लिएर जादै गरेकि एक महिला ,
*तस्बीर अनिल तिवारी*

# न्यायाधीशको परीक्षामा न्यूनतम ४० अङ्क कायम गर्ने सहमति



**टुडे समाचारदाता**

काठमाण्डु । जिल्ला न्यायाधीशका लागि लिइने परीक्षामा न्यूनतम उत्तीर्ण अङ्क ४० प्रतिशत कायम गर्ने विषयमा न्याय सेवा आयोगले सहमति जनाएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिमा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक'माथि आइतबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित विषयमा दफावार छलफल हुँदा उक्त सहमति भएको हो । न्याय सेवा आयोगले जिल्ला न्यायाधीशका लागि न्यूनतम ५० प्रतिशत अङ्क ल्याउनुपर्ने यसअघिको प्रावधान रहँदा धेरै विद्यार्थी अनुत्तीर्ण भएको हुँदा केही परिमार्जन गेर जानुपर्ने विषयमा सहमति भएको हो ।

कानुन, न्याय तथा संसदीय ममिलामन्त्री पदम गिरीले परीक्षामा अधिकतम नम्बर ल्याउने नै प्रतिस्पर्धामा आउने भएको हुँदा न्यूनतम अङ्क ४० प्रतिशत राख्दा उपयुक्त हुने धारणा राख्नुभएको थियो । उक्त विषयमा समितिमा वृहत छलफल भएर सहमति भएको हो । समितिका सदस्यहरु महेश बर्तौला, जीवन परियारलगायतले परीक्षा प्रणाली र पाठ्यक्रममा सुधार गर्नुपर्ने र न्यायाधीशजस्तो विषयमा हल्कारुपमा लिन नहुने विषयमा सुझाव दिँदै न्यूनतम ४० प्रतिशत अङ्क राख्न सहमति जनाएका थिए ।

जिल्ला न्यायाधीशको परीक्षामा असाध्यै न्यून विद्यार्थी उत्तीर्ण भएपछि न्याय परिषद् सचिवको अध्यक्षतामा गठित पाठ्यक्रम परिमार्जन समितिले बनेको थियो । उक्त समिति सिफारिस २०८० सरोकारवाला विज्ञसहित समूहले पाठ्यक्रम परिमार्जन गरी न्याय सेवा आयोगलाई बुझाएर अनुमोदनसमेत भइसकेको छ । उक्त पाठ्यक्रम परीक्षण हुनै बाँकी छ । उक्त समितिमा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक'माथि चरणवद्धरुपमा छलफल भइरहेको छ ।

# पर्सा राष्ट्रिय निकुञ्जमा पर्यटक आगमन वृद्धि

**टुडे समाचारदाता**

वीरगंज । गर्मीको महिना बढेसंगै घुमफिर गर्नेहरुको लागि रोजाई केन्द्रको रुपमा पर्सा राष्ट्रिय निकुञ्ज बन्दै गएको छ । रैथाने हात्तीको प्रमुख बासस्थान मानिएको निकुञ्जमा हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको हो ।

पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले निकुञ्जलाई २०७४ सालमा देशको १२औँ संरक्षित क्षेत्रका रूपमा घोषणा गरेको थियो । पर्सासहित बारा र मकवानपुर गरी तीन जिल्लासँग भारतसहित सार्क मुलुक र ३२ जना अन्य देशका पर्यटक गरी एक हजार ६५ जना पर्यटकले भ्रमण गरेका थिए ।

निकुञ्जभित्र माया मन्दिर, दुग्धेश्वर महादेव मन्दिरजस्ता धार्मिकस्थल छन् भने कामिनी दह, हलखोरिया दह र लौकी दहजस्ता प्राकृतिक तथा मनोरम दह पर्यटकको प्रमुख आकर्षणको केन्द्र बनेका छन् । निकुञ्जभित्र पानीको सहज उपलब्धतासँगै पाटेबाघसहितका जन्तुको संख्या पनि वृद्धि भएको छ ।

निकुञ्जले गरेको सन्



जोडिएको निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकका लागि खुला गरिएको छ ।

प्राकृतिक सौन्दर्यसँगै वन्यजन्तुको जैविक विविधताले धनी निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटक आउने क्रम बढेको निकुञ्जका सूचना अधिकारी सन्तोष भगतले बताए । उनले विगतभन्दा अहिले निकुञ्जमा आन्तरिक तथा भारतका पर्यटक आउने क्रम बढेको बताउदै बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने गरेको बताए ।

चालु आर्थिक वर्षको आठ महिनामा छ सय १३ जना पर्यटक आएका छन् । निकुञ्ज घुम्न आउने पर्यटकमा सार्क मुलुकका १४ र गैरसार्क राष्ट्रका एकजना विदेशी पर्यटक छन् । अघिल्लो आवको आठ महिनामा एक सय ४० पर्यटकले मात्र निकुञ्जमा भ्रमण गरेका थिए । आव २०७९/८० मा पर्सा राष्ट्रिय निकुञ्जमा ७२ जना २०२२ को बाघ गणनाअनुसार पाटेबाघको संख्या ४१ पुगेको छ ।

निकुञ्जले प्राकृतिक रूपमा कृत्रिम पोखरी निर्माण गरेपछि वन्यजन्तुको संख्या बढेको हो । कुल छ सय २७ दशमलव ३९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्जभित्र पाटेबाघ, भालु, गैँडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाईजस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतली पाइन्छन् ।

निकुञ्जको भ्रमणमा आउने पाहुनाका स्वागतमा निकुञ्जको मध्यवर्ती क्षेत्रको 'बफर जोन'मा सुनाखरी मध्यवर्ती सामुदायिक घरबास सञ्चालन गरिएको छ ।स्थानीय संस्कृतिअनुसार सुनाखरी सामुदायिक घरबासले विविध परिकार पस्केर पाहुनालाई आकर्षित गर्दै आएको छ ।

# नेपाल आँखा अस्पताल ५१औँ वर्षमा

**टुडे समाचारदाता**

काठमाण्डु । संघिय राजधानीमा रहेको नेपाल आँखा अस्पताल ५१औँ वर्षमा प्रवेश गरेको छ । विसं २०३० चैत २६ गते स्थापित यस अस्पतालबाट हालसम्म ३४ लाख ३८ हजार पाँच सय ७२ जनाले आँखा जाँचको सेवा लिएका छन् ।

यसैगरी हालसम्म एक लाख ३७ हजार एक सय ७४ जनाको आँखाको शल्यक्रिया गरिएको छ ।

स्वर्ण महोत्सवको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा अस्पतालका आँखा सेवा नपाएका धेरै अझै पनि समुदायमा रहेको, उपचारको दायरामा आउन नसकेको र घरघरमा गएर आँखासम्बन्धी स्वास्थ्य सचेतना प्रदान गर्न पहल भैराखेको जानकारी दिइयो ।

अस्पतालका अध्यक्ष डा गोपालप्रसाद पोखरेलका अनुसार काठमाडौँ महानगरपालिकाको वडा नं ११ लाई मोतिबिन्दुरहित क्षेत्र बनाउने अभियानमा छौँ ।

वडा र अस्पताल मिलेर त्यहीँको स्वयंसेवी खटाइ विवरण लिने र आवश्यकलाई सहुलियतसहित उपचार सेवा दिइरहेको छ । उनले यो कार्यक्रम सुरु भएको छ महिनामा १२ सय जनाको परीक्षण गरिएकामा ३४ जनाको शल्यक्रिया भएको जानकारि दिए ।

अस्पतालका बोर्ड सचिव युद्धध्वज सापकोटाले पैसा नभएका कारणले कुनै पनि बिरामी सेवा नपाइ फर्किनु नपरेको बताए ।

अध्यक्षका अनुसार अस्पतालबा अहिले आधुनिक प्रणालीबाट सहुलियत शुल्कमा विशेषज्ञ सेवा दिदै आएको तथा दैनिक चार सयदेखि सात सय जनालाई बहिरङ सेवा लिइरहेको छ ।

# आर्थिक मन्दिले प्रताडित उद्योगीलाई संरक्षण गर्ने नीति बनाउन माग

**टुडे समाचारदाता**

वीरगंज । आगामी आर्थिक वर्षको नीति तथा योजना बनाउँदा आर्थिक मन्दीका कारण चपेटामा परेका उद्योग व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्ने किसिमले बनाउनुपर्नेमा वीरगंजका उद्योगी व्यवसायीहरुले माग गरेका छन् । उद्योगी व्यवसायीले नीति तथा योजना र आगामी आर्थिक वर्षको बजेटमा उद्योग व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्ने किसिमले बनाउनुपर्नेमा माग दिएका हुन् ।

अर्थमन्त्रालय र वीरगञ्ज उद्योग वाणिज्य सङ्घले आइतबार वीरगञ्जमा आयोजना गरेको राजस्व परामर्श तथा बजेट तयारीसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी उद्योगी/व्यवसायीले मुलुकको आर्थिक सङ्कटले उद्योगधन्दा धरासायी हुने अवस्थामा पुगेकाले स्वदेशी उद्योगलाई संरक्षण गर्ने खालका नीति ल्याउन अनुरोध गरेका हुन् ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले सरकारको कर नीति उद्योगमैत्री नहुँदा उद्योगी व्यवसायी मर्कामा परेको गुनासो गर्दै सरकार फेरिएपिच्छे करका नीतिहरु फेरिँदा उद्योगी व्यवसायी मर्कामा परेको र सरकारले उधारो कानुनको अवधारणा तत्कालै ल्याउन जरुरी भइसकेको बताए ।

सुङ्घका पूर्वअध्यक्ष तथा वीरगञ्ज महानगरका पूर्वनगरप्रमुख विजयकुमार सरागवीले सरकारले निश्चित वस्तुमा आयात प्रतिबन्ध लगाउँदा अवैध तरिकाले चोरी तस्करी मौलाइरहेको बताए । "कुनै वस्तु वा उपकरणमा अस्वाभाविक रुपमा कर वृद्धि गरिदिने हो भने चोरी तस्करी मौलाउने गर्छ", उनले भने, "सरकारले कुनै वस्तुको राजस्व दररेट परिवर्तन गर्दा पर्याप्त अध्ययन अनुसन्धान गरेर मात्रै गर्दा उपयुक्त हुने देखिन्छ ।"

सङ्घ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले सरकारले हरेक जिल्लामा औद्योगिक क्षेत्र निर्माण गरेर औद्योगिक वातावरण तयार पार्नुपर्ने बताए । "जसरी जापानले आफ्नो मुलुकमा उत्पादन हुने सबै वस्तु तथा उपकरणमा 'मेड इन जापान' (जापानमा बनेको) भनेर प्रचारप्रसार गरेको छ । हामीले पनि त्यसैको सिको गरेर स्वदेशमा उत्पादन हुने सबै खालका खाद्य सामग्रीलाई 'अर्गानिक नेपाल' भनेर 'ब्राण्डिङ' गर्न जरुरी भइसकेको छ", उनले भने, "स्वदेशी उद्योगलाई विभिन्न खालका सहुलित तथा अनुदान दिएर भए पनि स्थानीय उत्पादन वृद्धि गर्न ढिला गर्नुहुदैंन ।" प्रदेशका अध्यक्ष टेमानीले वीरगञ्ज सुख्खा बन्दरगाहसँगै जोडिएको ६६ बिघा जग्गा तत्कालै अधिग्रहण गरेर राख्नुपर्ने सुझाव दिए ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष सुबोधकुमार गुप्ताले राज्यले करको दर कुनै उद्योग वा व्यक्तिलाई फाइदा पुग्ने गरी निर्धारण गर्न नहुने सुझाव दिए । "राज्य कुनै व्यक्ति वा उद्योगको सीमित स्वार्थमा लाग्नुहुँदैन", उनेले भने, "समग्र क्षेत्रको विकास गर्ने उद्देश्यले अघि बढेमात्रै मुलुकले आर्थिक उन्नति हासिल गर्न सक्छ ।"

संविधानसभाका सदस्य तथा सङ्घका पूर्वअध्यक्ष ओमप्रकाश शर्माले सङ्घीय राजधानीसँग वीरगञ्ज जोड्ने छोटो दूरीको सडक लामो समयदेखि निर्माण सम्पन्न नहुँदा वस्तु तथा सेवाको ढुवानीमा निकै समस्या देखिँदै आइरहेको बताउनुभयो । "सरकारले ठूला आयोजना निर्माण सुरु गर्ने मात्रै होइन । सम्पन्न गराउनेतर्फ पनि अग्रसर हुनुपर्ने बेला भइसकेको छ", उहाँले भन्नुभयो, "काठमाडौँ तराई-मधेश जोड्ने द्रुतमार्ग जति सक्दो छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिन जरुरी छ ।"वीरगञ्जका उद्योगी व्यवसायीले विगत चार वर्षदेखि प्रतिबन्ध लगाउँदै आइएको केराउ, मरिच, छोकडालगायत वस्तुमाथिको प्रतिबन्ध खुलाउन माग गरेका छन् ।

अर्थमन्त्रालयका राजस्व सचिव रामप्रसाद घिमिरेले उद्योगी व्यवसायीले दिनुभएको सुझावलाई सकेसम्म आगामी आर्थिक वर्षको बजेट तथा नीति कार्यक्रममा समावेश गरिने प्रतिबद्धता व्यक्त गरेका थिए । उद्योगी,व्यवसायी र सरकार मिलेर समस्या समाधान गर्न सकिने बतबाउदै सविच घिमिरेले उद्योग फस्टाए मात्रै मुलुकको विकास हुने भएकोले यसका लागि सबैको हातेमाले आवश्यक रहेको बताए ।

# सामाजिक सुरक्षा कोषमा पर्यटन क्षेत्रका श्रमिकको आबद्धता न्यून

**काठमाण्डु** । सरकारले लागू गरेको योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा पदयात्रा तथा पर्वतीय पर्यटन क्षेत्रमा कार्यरत श्रमिकको आबद्धता न्यून रहेको बताइएको छ । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)ले सामाजिक सुरक्षा कोषको सहकार्यमा आइतबार आयोजना गरेको 'पर्वतीय पर्यटन क्षेत्रमा आबद्ध व्यवसायी तथा श्रमिकका लागि योगदानमा आधारित सुरक्षा प्रणालीमा आबद्धतासम्बन्धी अभिमुखीकरण कार्यक्रम' का वक्ताले सामाजिक सुरक्षा कोषमा पर्यटन क्षेत्रको न्यून उपस्थिति रहेको बताएका हुन् ।

कार्यक्रममा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक नरेशराज खरेलले काम गर्न नसक्ने अवस्थामा सामाजिक सुरक्षा कोषले सहयोग गर्ने भएकाले सबै व्यवसायी तथा श्रमिक उक्त कोषमा आबद्ध हुनुपर्ने बताउनुभयो । "योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले व्यवसायी र श्रमिकबीचको सम्बन्धलाई समेत बलियो बनाउन सहयोग पुग्नेछ," उहाँले भन्नुभयो ।

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले विसं २०७६ साउनदेखि लागू भएको योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा हालसम्म पाँच लाखभन्दा बढी श्रमिक आबद्ध भइसकेको र तीन लाख श्रमिकले निरन्तर कोषमा योगदान गरिरहेको उल्लेख गर्नुभयो । श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध हुने हक संविधानले नै प्रदान गरेकाले सरकारले उक्त योजना अगाडि सारेको उहाँको भनाइ छ ।

कोषका उपनिर्देशक दिनेशकुमार कोइरालाले अन्य क्षेत्रको भन्दा पर्यटन क्षेत्रको आबद्धता सामाजिक सुरक्षा कोषमा कमी भएको बताउनुभयो ।

# निर्वाचन मस्यौदालाई थप समृद्ध बनाइने : गृहमन्त्री



**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने निर्वाचन व्यवस्थापनको मस्यौदालाई थप समृद्ध बनाउने बताएका छन् ।

निर्वाचन व्यवस्थापन विधेयक र प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उपनिर्वाचनका सम्बन्धमा निर्वाचन आयोगद्वारा आयोजित अन्तक्रिया कार्यक्रमा सम्वोधन गर्दै उनले निर्वाचन प्रणाली र संसद्लाई समृद्ध र प्रभावकारी बनाउने विषयलाई सबै पक्षले सहयोग र समर्थन गर्नुपर्ने बताए ।

उपप्रधानमन्त्री लामिछानेले अहिले अभ्यासमा रहेको निर्वाचन प्रणालीप्रति उठेका प्रश्न र राजनीतिमा देखिएको विचलनलाई सुधार गर्दै निर्वाचनलाई सही ढङ्गबाट अघि बढाउने आयोगले व्यवहारिक विषय राखेको बताउदै निर्वाचन व्यवस्थापनसम्बन्धी कानुनको मस्यौदामा आयोगले दिएका सुझाव समावेश गर्न सकिएमा दलहरुको राजनीतिक चरित्र र समाज सुधारमा कोशेढुङ्गा सावित हुने बताए ।

निर्वाचनमा देखिएका कैयौँ विसङ्गति र विकृति अन्त्य गर्न बनेका कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिइने बताउँदै गृहमन्त्री लामिछानेले आगामी दिनमा पार्टीको आन्तरिक र मुलुकको समग्र लोकतान्त्रिक पद्धतिको विकासमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए । आयोगले मन्त्रालयमा पठाएको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयममाथि केही सामान्य छलफलपछि सदनमा पठाइने बताउँदै गृहमन्त्री लामिछाने केही राम्रा विषयलाई मस्यौदामा थप समावेश गर्न आफूले आयोगलाई सुझाव दिएको बताए ।

इलाममा हुने प्रतिनिधिसभा सदस्य र बझाङको प्रदेशसभा सदस्य निर्वाचनमा सरकार संवेदनशील रहेको जनाउँदै उनले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र मितव्ययी तुल्याउने विषयमा सरकारकातर्फबाट सम्पूर्ण सहयोग हुने विश्वास दिलाएका थिए ।

यसअघि आयोगले उपनिर्वाचन तयारीबारे गृहमन्त्रीलाई जानकारी गराएको छ । निर्वाचन आयोगका सहसचिव रमेश ढकालले आयोगले तयार गरी गृह मन्त्रालयमा पठाएको निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदालाई सदनमा टेबुल गर्ने लगायतका विषयमा आयोगकातर्फबाट जिज्ञासा भएको प्रतिक्रिया दिएका थिए । उपनिर्वाचनको आवश्यक तयारी र सुरक्षा प्रबन्धका विषयमा पनि अन्तरक्रियामा छलफल भएको उनको भनाइ छ ।

आयोगका तर्फबाट बैठकमा राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई सशोधन गर्न आवश्यक देखिएकाले संशोधन प्रक्रिया अघि बढाइएकाले मन्त्रालयको तर्फबाट सहयोग र सहजीकरणका लागि अनुरोध गरिएको थियो ।


## मोरल एकेडेमी हाई स्कूल

**जनकपुरधाम–८, ज्ञानकुप (परिक्रमा रोड)**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

**प्रकाशित मितिः–२०८०/१२/२५**


मोरल एकेडेमी हाई स्कूलको प्रकशित मिति २०८०/१२/२५ गतेको शिक्षक आवश्यकता सम्बन्धी सूचना अनुसार तल उल्लेखित बमोजिम कक्षा परीक्षण र अन्तर्वाताबाट शिक्षक पदपूर्ती गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदबारहरुबाट मिति २०८०/१२/३० गते सम्म दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | पद | पद संख्या | शैक्षिक योग्यता | अनुभाव |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | १ | स्नातक वा सो सरह उतिर्ण गरेको | सम्बन्धित क्षेत्रका कम्तीमा ३ वर्ष कार्य गरेको |
| २ | गणित शिक्षक आधार भुत तह | १ | सम्बन्धित विषयमा +२ उतिर्ण वा सो भन्दा माथि उतिर्ण भएको | सम्बन्धित क्षेत्रमा कम्ती मा १ वर्ष कार्य गरेको |
| ३ | अंग्रेजी शिक्षक आधार भुत तह | १ | सम्बन्धित विषयमा +२ उतिर्ण वा सो भन्दा माथि उतिर्ण भएको | |
| ४ | विज्ञान शिक्षक आधार भुत तह | १ | सम्बन्धित विषयमा +२ उतिर्ण वा सो भन्दा माथि उतिर्ण भएको | |
| ५ | नेपाली शिक्षक आधार भुत तह | १ | सम्बन्धित विषयमा +२ उतिर्ण वा सो भन्दा माथि उतिर्ण भएको | |
| ६ | ग्रेड शिक्षिका/शिक्षक | ३ | +२ उतिर्ण वा सो भन्दा माथि उतिर्ण भएको | |
| ७ | नृत्यकला र संगित शिक्षिका/शिक्षक | १ | सम्बन्धित विषयमा +२ उतिर्ण वा सो भन्दा माथि उतिर्ण भएको | |
| ८ | स्वास्थ्य तथा शारिरिक शिक्षक (आधारभुत तह) | १ | सम्बन्धित विषयमा +२ उतिर्ण वा सो भन्दा माथि उतिर्ण भएको | |

**सेवा सुबिधा** : विद्यालय र शिक्षकको सहमति अनुसार
**छनौट विधि** : अर्न्तवार्ता,कक्षा परिक्षण र प्रयोगात्मक
**निवेदन संग पेश गर्नु पर्ने कागजातहरु** :

- नेपाली नगरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- अनुभव प्रमाण पत्रको प्रतिलिपि,
- २ प्रति फोटो

**दरखास्त दिने अन्तिम मिति** : २०८०/१२/३० गते सम्म
**दरखास्त दिने स्थान** : विद्यालयको कार्यालय जनकपुरधाम-८, ज्ञानपुप (परिक्रमा रोड)
**कार्यालय सम्पर्क नं.** : ९८१४७३९३०८, ९८१७८३२१०६
**Facebook Page:-** https://www.facebook.com/moralacademyhighschool
**Email:-** moralacademyhighschool@gmail.com



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### जुट्नु पर्ने सन्देश

नेपालको संघीय राजधानी काठमाण्डुमा दुई जना प्रभावशाली मधेशी नेताले शक्ति प्रदर्शन गरे । नयाँ राजनीतिक दल गठन गर्न राष्ट्रिय मुक्ति क्रान्ति अभियान लिएर अगाडि बढेका राजेन्द्र महतोले बहुल राष्ट्रको मुख्य मुद्दा लिएर काठमाण्डुमा प्रदर्शन गरे । त्यस प्रदर्शनमा जनसहभागिता ठिकैको थियो । सोही दिन आम जनता पार्टी(आजपा)का अध्यक्ष समेत रहेका सांसद प्रभु साहले काठमाण्डुको भृकुटीमण्डपमा प्रदर्शन गरे । उनलेपनि काठमाण्डुमा आफ्नो प्रभाव स्थापित गर्न गरेको प्रदर्शनमा भीड पनि ठिकैको थियो । प्रभु साहले काठमाण्डुमा रहेका कवाड व्यवसायीहरुको सुरक्षाको माग गर्दै प्रदर्शन गरेका थिए । काठमाण्डुमा कवाडको काम गर्नेहरुमा सर्लाही र रौतहट जिल्लाका अधिकांश मानिसहरु छन् । उनीहरुको कारोबार ठूलो रहेको र त्यसमा हजारौं मानिस संलग्न रहेका छन् । काठमाण्डु महानगरका मेयर बालेन साहले कवाड व्यवसायीहरुलाई त्यहाँबाट विस्थापित गर्न चाहेका छन् । नदीको छेउमा कवाड संकलन गर्नेहरुको ठूलो बसोबास छ । त्यसलाई प्रभु साहले सुकुम्बासी रहेकाले उनीहरुलाई बासको वैकल्पिक व्यवस्था नगरिए सम्म हटाउन नपाउने माग गरेका छन् । एकै दिन दुई जना नेताले गरेको छुट्टाछुट्टै प्रदर्शनको अधिकांश उद्देश्य मिलेको थियो । तर उनीहरुले अलग अलग जुलुस गरे । त्यसको परिणाम दुवै जनाको प्रभाव कमजोर देखियो । राजेन्द्र महतोले गरेको प्रदर्शनमा त प्रहरीले लाठी चार्ज र पक्राउ समेत गरे । उनीहरुले निषेधित सिंहदरबार क्षेत्रमा जाने प्रयास गर्दा प्रहरी सित झडप भएको थियो । त्यो झडपमा दुई दर्जन बढी प्रदर्शनकारी र दुई जना प्रहरी घाइते भए । प्रभु साह नेतृत्वको जुलुसमा त्यस्तो दृश्य देखिएन । तर महतो र साहले संयुक्त रुपमा सबै मुद्दाहरुलाई समेटेर संयुक्त रुपमा प्रदर्शन गरेको भए राजनीतिक रुपमा पनि त्यसको ठूलो प्रभाव पर्ने थियो । देशैभरि सकारात्मक सन्देश प्रवाह हुने थियो । काठमाण्डुमा भएको दुवै प्रदर्शन एउटै चोकबाट संयुक्त रुपमा भएको भए धेरै प्रभावकारी हुन सक्थ्यो । दुवै नेताको मुद्दाको विषयमा सरकारले सकारात्मक रुपमा लिन बाध्य हुने थियो । काठमाण्डु समेत देशको विभिन्न भागमा छरिएर रहेका नेताहरुले एकपटक फेरि एकजुट भएर लाग्नु पर्ने सन्देश दिएको छ । महतो र साह मात्र नभइ अन्य दलका मधेशी नेताहरु पनि जुट्नु पर्छ । मधेशको समस्याहरु समाधानका लागि संयुक्त रुपमा नेताहरु लागे ठूला उपलब्धिहरु हासिल गर्न सकिन्छ । फुट्ने होइन्, अहिले सबै जुट्नु पर्छ ।

# न्यूनतम साझा संकल्प कार्यान्वयन पक्षमा आशंका



हरि गौतम

सरकारले २०८० साल चैत्र ६ गते न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प घोषणा गरेको छ । विभिन्न भिन्न राजनैतिक दलबाट बनेको सरकार भएकोले सरकारको न्यूनतम कर्क्रिम आउन जरुरी थियो । पुष्पकमल दाहालको यो १४ महिने अवधिमा यो तेस्रो न्यूनतम कार्यक्रम हो । यसभन्दा पहिले पनि सरकारले न्यूनतम कार्यक्रम प्रकाशित गरेको थियो । पढ्दा राम्रै लागे पनि सो कार्यक्रम कार्यान्वयन भएन । नेपालको समस्या भनेको नै नीति बनाउने, कार्यान्वयन नगर्ने हो । निबन्ध लेखे जस्तो लेख्न त जसले पनि सक्छ तर त्यो कार्यान्वयन हुँदैन । पहिलेको नीति कार्यक्रम पनि त्यही भयो । अहिले साझा संकल्पमा शंकाको सुविधा दिऊँ र आशा गरौं यो साझा संकल्प कार्यान्वयन होस् ।

विद्यमान साझा संकल्पले भविष्यमा मुलुकमा निरासा चिर्दै आशा जगाउँदै लैजाने प्रतिबद्धता सहित न्यूनतम कार्यक्रम सार्वजनिक गरिएको भनिएको छ । यसमा संविधानको मर्म र भावनाविपरीत राज्य सञ्चालनमा देखिएका विचलन रोकी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न विद्यमान आर्थिक शिथिलता, दण्डहीनता एवम् व्यावसायिक निरासालाई चिर्दै जनतामा राज्यप्रति आशा र भरोसा पैदा गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । सरकारले आर्थिक शिथिलता अन्त गर्ने, वित्तीय संस्थालाई विसङ्गतिमुक्त बनाउने सार्वजनिक संरचना सुधार गर्ने, छरितो सेवा प्रवाहसँगै सुशासन कायम गर्ने, श्रम, रोजगारी, उद्यमशीलता, स्वदेशी उत्पादनको प्रबर्द्धन गर्ने, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षालाई व्यवस्थित गर्ने, भौतिक पूर्वाधार विकास र अन्तर्राष्ट्रिय समन्वयलाई प्रभावकारी तुल्याउने, ऊर्जा विकास एवम् सूचना र सञ्चार क्षेत्रमा नीतिगत व्यवस्था गर्ने विषय उल्लेख छ । साथै रुग्ण उद्योग सञ्चालन गर्ने, तत्कालीन र मध्यकालीन लगानी र रोजगार मैत्री नीतिगत सुधारमा बाधा पुऱ्याउने विभिन्न कानून संशोधन गर्ने, सहकारी दर्ता र कार्यक्षेत्र विस्तार रोक्ने, शेयर बजारको सुधारको लागि नीतिगत व्यवस्था गर्ने, सुशासन कायम राख्ने आदि विषयहरु साझा संकल्पमा उल्लेख भएका छन् । राज्य सञ्चालनमा सरकारले गर्ने मुख्य कार्यहरु नीति तथा कार्यक्रमको रुपमा सरकारको दीर्घकालीन नीति तथा कार्यक्रम स्थायी प्रकृतिको हुनु पर्छ । महिनैपिच्छे बदलिने कार्यक्रमले समस्या ल्याउन सक्छ । पटक पटक आइरहने नीति तथा कार्यक्रम हेर्दा यी विषयहरुमा सरकारले सोचेको देखिएन । साझा संकल्प प्रस्तावमा जे लेखिए तापनि अहिलेको मुख्य चुनौती भनेको राजनैतिक अस्थिरता हो, आर्थिक शिथिलता हो, अपेक्षित राजस्व नउठ्नु हो, उद्योग व्यवसायमा ह्रास आउने नै हो, युवाहरुको विदेश पलायन हो । सुशासनको कमी र तीनै तहमा बढ्दो भ्रष्टाचार हो । सङ्घ, प्रदेश र स्थानीय सरकार बीचमा कामको दोहोरोपन हो । सरकारको बोली र काम गराई बीचको कार्य सम्पादन सम्झौताको विश्वासनीयता हो ।

सर्वप्रथम संविधान घोषणा भए पछि पनि राजनैतिक दलहरुबाट जुन प्रकारको राजनैतिक अस्थिरता कायम गरियो, यो मुलुकको हितमा छैन । २०७४ को निर्वाचन पछि नेकपाले ५ वर्षको स्थायी सरकार दिएर मुलुकको सम्पूर्ण ध्यान आर्थिक विकासमा लगाएको भए हुने थियो । तर त्यसो भएन । झण्डै दुई तिहाई बहुमत भएको सरकारले पनि मुलुकलाई अस्थिरताको भुमरीमा हाली २-२ पटक संसद भङ्ग गर्न पुग्यो । दोस्रो आम निर्वाचन पछि संसदमा कुनै दलको बहुमत नपुग्दा नेकपा माओवादी र नेकपा एमालेको सरकार बनेको नै थियो । सो सरकारले ५ वर्ष शासन गरी अर्थतन्त्र सुधार गर्ने, सुशासन कायम गर्न काम गरेको भए हुने थियो । तर त्यसो भएन, २ महिनामा नै गठबन्धन परिवर्तन भएर मुलुक थप अस्थिरता तर्फ गयो । त्यो गठबन्धन पनि ५ वर्षको लागि बनेको भनिएको थियो । अब त मुलुकले राजनैतिक स्थिरता प्राप्त गरी सरकारको सम्पूर्ण ध्यान आर्थिक मुद्दामा जानेछ र सरकारले सुशासन कायम गरी एक स्थिर सरकार चलाउने छ भनौं न त भने पनि अकारण १ वर्षमा पुनः गठबन्धन परिवर्तन भयो र मुलुक चरम राजनैतिक अस्थिरता तर्फ गयो । यसले गर्दा प्रदेशमा थप अस्थिरता सृजना भयो । प्रदेश खारेजीको माग गर्ने शक्तिलाई यसले बल दियो । अस्थिरताको कारण स्थानीय तहमा भ्रष्टाचार मौलायो । अझ महत्वपूर्ण सम्पूर्ण प्रशासन तन्त्र अस्थिर भयो । प्रशासनको माथिल्लो तहमा व्यापक सरुवा हुने भयो । सरुवा नभए सम्म सरुवा पर्खिएर कर्मचारीहरु काम नगर्ने भए । यो गठबन्धन परिवर्तनले राजनैतिक सहित प्रशासन तन्त्रमा पनि अस्थिरता ल्यायो । यो गठबन्धन कमजोर कडीमा खडा भएकोले पनि स्थिरताको कुनै सम्भावना नदेखिएकोले यो ५ वर्ष पनि मुलुक अस्थिरताको भुमरीमा नै पर्ने भयो ।

> संसद सरकार बनाउने भत्काउने कार्यमा मात्र प्रयोग भयो । राजनैतिक दलहरु अत्यन्त नै भ्रष्ट भए । राजनैतिक नेतृत्वप्रति जति नै भ्रष्टाचार गरे पनि कारवाही नहुने परम्परा भयो । कानूनमा अनेकौं छिद्र खडा गरी उनीहरुले उन्मुक्ति पाई रहे । यसमा सुधार नभए सम्म मुलुक सधैं अस्थिरता तर्फ जाने भयो । यो समस्या समाधान गर्न आवश्यकता अनुसार संविधान संशोधन गर्न समेत तयार हुनु पर्दछ ।

सरकारले अहिलेको आर्थिक चुनौती सामना गर्न विभिन्न उपायहरु अवलम्बन गर्ने उल्लेख गरेको छ । यो समस्या समाधान गर्न सरकार अपनाएको बजेटरी प्रक्रिया नै गलत छ । जबदेखि माओवादी द्वन्द शुरु भयो मुलुकमा चालु खर्च अत्यधिक वृद्धि भयो । आ.व. ०७८/७९ मा आएर त चालु खर्च बढी गर्नलाई बजेटको आकार नै अस्वभाविक बढाउनु पऱ्यो । पूँजीगत बजेटको कमी, बढ्दो वित्तीय व्यवस्थापन खर्चले गर्दा विस्तारै राज्य आर्थिक सङ्कट तर्फ गयो । यो आर्थिक सङ्कट समाधान गर्न सरकारले सर्वप्रथम त चालु खर्च घटाउन निर्मम नीति ल्याउनुपर्छ, पूँजीगत खर्च बढाउनुपर्छ, वित्तीय व्यवस्थापन स्थिर रहनुपर्छ । यसको लागि राजनैतिक दल बीच कतिपय विषयमा राष्ट्रिय सहमति समेतको आवश्यकता पर्छ । तर साझा संकल्पमा यस विषयमा गम्भीर तवरले उठाइएको छैन । आज मुलुकको अवस्था आन्तरिक राजस्वले कर्मचारीलाई तलब खुवाउन पनि नपुग्ने, मुलुकमा सुशासनको कमी र राजनैतिक अस्थिरताले वैदेशिक सहायता एवम् ऋण नपाइने जस्तो अवस्था छ । पुनः सरकारले आगामी वैशाखमा लगानी सम्मेलन गर्ने भनेको छ तर लगानीकर्ताको विश्वनीयताको लागि त्यसको पूर्वाधारको रुपमा करिब ३० उद्योगी विरोधी कानून संशोधन गर्नु पर्नेछ । उधारो कानून सहित करिब ७ वटा नयाँ कानून बनाउनु पर्नेछ । औद्योगिक क्षेत्रमा सुशासन कायम गर्नुछ । तर आजसम्म प्रभावकारी रुपमा राज्य यस तर्फ लागेको छैन । लगानी मैत्री वातावरण बनाउन सुधार गर्नुपर्ने कानून सुधार गर्न अब सम्भव छैन । कारण नेपालमा एक कानून बनाउन ७, ८ वर्ष लाग्ने परम्परा छ । सांसदहरु आफ्नो कर्तव्य प्रति जिम्मेवार छैनन् । यस्तो अवस्थामा लगानीकर्ताले कसरी सरकारलाई विश्वास गर्छन् ? अहम् प्रश्न छ । पुनः पटक पटकको सरकार परिवर्तनबाट हुने अस्थिरतालाई लगानीकर्ताले सकारात्मक रुपमा लिने छैनन् ।

दोस्रो विषय सरकारले राजस्व बढाउने खर्चमा मितव्ययिता गर्ने भनेको छ । यो कार्य अत्यन्त नै चुनौतीपूर्ण छ । कारण सरकारले बजेट बनाउँदा नै गलत सिद्धान्तको आधारमा बनाएको छ । यस वर्ष सरकारले गत वर्षको भन्दा ४३ प्रतिशत राजस्वको लक्ष्य बढाएको छ । तर मुलुकको आर्थिक गतिविधिमा शिथिलता आएको, उद्योगधन्दा घट्दो अवस्थामा रहेको, उद्यमी व्यवसायीहरु निरास रहेका अवस्थामा कसरी राजस्व बढ्छ ? यसको जवाफ सरकारसँग छैन । सरकारलाई बढी खर्च गर्नु थियो । वितरणमुखी अर्थतन्त्र चलाउनु थियो, त्यसैले गलत आम्दानी देखाई बजेटको अङ्क बढायो । अर्को गम्भीर कुरा सरकार हरेक वर्ष पूँजीगत खर्च घटाउँदै छ । वित्तीय व्यवस्थापन खर्च बढाउँदैछ । त्यसले गर्दा विकासको कामहरु नगण्य मात्रामा मात्र हुन थाले । यसलाई सुधार नगरी अर्थतन्त्र सुधार हुँदैन । यसलाई सुधार गर्न निर्ममतापूर्वक चालु खर्च घटाउनुपर्छ । जस्तै ज्येष्ठ नागरिक भत्ता हुने खानेलाई होइन हुँदा खाने वर्गलाई मात्र दिनुपर्छ, पेन्शन नीति परिमार्जन गर्नुपर्छ, निर्ममतापूर्वक कर्मचारी प्रशासन सुधार गर्नु पर्छ, सङ्घीय, प्रदेश र स्थानीय निकायमा भएको भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ । सुशासन कायम गर्नुपर्छ । आर्मीको सङ्ख्या, माओवादी द्वन्दभन्दा अघिको अवस्थामा ल्याउनुपर्छ । खर्चिलो चुनाव प्रणाली सुधार गर्नुपर्छ । सांसदको सङ्ख्या घटाउनुपर्छ । केन्द्र र प्रदेशमा सानो आकारका मन्त्रालय स्थापना गर्नुपर्छ । सबैभन्दा महत्वपूर्ण सबै क्षेत्रमा सुशासन कायम गर्नुपर्छ । तर अस्थिर सरकार र दलहरु बीच राष्ट्रिय सहमति नभई यी कुराहरु सम्भव छैन । सरकार प्रतिपक्षसँग द्वन्द बढाइरहेको छ । त्यस्तै विकास खर्च बढाउन पूँजीगत खर्च बढाउन जरुरी छ । बजेट खर्च गर्न आवश्यक ऐन नियमलाई सरलीकरण गरी कर्मचारीतन्त्रमा व्यापक सकारात्मक सुधार गर्न जरुरी छ । कारण हाम्रो प्रशासन यन्त्र बारम्बारको राजनैतिक हस्तक्षेपले अत्यन्त अकर्मण्य छ । यहाँ काम नगरे कुनै कारवाही हुँदैन । बरु काम गर्दा केही गल्ति भयो भने सजाय हुन्छ । कर्मचारीहरुमा काम गर्ने प्रवृत्ति जगाई छिटो छरितो काम गराउन जरुरी छ । डिल्ली राज खनाल समितिले प्रशासन संरचना सुधारको लागि दिएको प्रतिवेदन अत्यन्त नै उपयोगी छ । सो सहित थप सुधार गरेर कर्मचारीतन्त्रलाई चुस्त दुरुस्त, पारदर्शी र योग्यताको मूल्याङ्कन गर्ने नीति नबनाए जस्तोसुकै राम्रो काम पनि सम्पन्न हुन सक्दैन भन्ने विगतको अनुभवले देखाएको छ । सो तर्फ साझा संकल्पमा कुनै उल्लेख छैन । अर्को हाम्रो वैदेशिक ऋण र वैदेशिक सहायता लिने नीति पनि सही छैन । अनुत्पादक क्षेत्रमा वैदेशिक ऋण लिएर हामी कहाँ पुग्छौं ? साझा संकल्पमा सरकारले अनुत्पादक ऋण नलिने त भनेको छ । तर विगतमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत करिब ५० अरब ऋण लिएको र सोको उपलब्धी शून्य रहेको तर्फ पनि ध्यान दिनुपर्छ । सहकारी, लघुवित्त मिटर ब्याजीको क्षेत्रमा रहेका समस्या समाधान गर्ने भनिएको छ । सोको ठोस खाका आउन जरुरी छ । सरकार दीर्घकालीन समस्या समाधानभन्दा समिति आयोग बनाएर समस्या लम्ब्याउन चाहन्छ ।

सुशासन नेपालको प्रमुख समस्या हो । सुशासन कायम गर्न सरकारले कार्य सम्पादन करार सम्बन्धी विद्यमान व्यवस्थालाई बदली गर्ने कुरा उल्लेख छ । विगतमा पनि प्रधानमन्त्रीले मन्त्रीसँग, मन्त्रीले सचिवसँग र सचिवले विभागीय प्रमुखसँग करार यवस्थापन करार सम्झौता गरेका छन् । तर त्यसमा कोही इमान्दार देखिएनन् करारमा उल्लेखित विषय कहिल्यै कार्यान्वयन भएन । करारको नतिजा नहेरी तत्काल कर्मचारी सरुवा गर्ने जस्ता समस्याहरु देखिएकाले यस पटक पनि सरकार गम्भीर हुने विषय शंकाको घेराभित्र छ ।

सरकारले काम रोजगारी उद्यमशीलता र स्वदेशी उत्पादनलाई प्रबर्द्धन गर्ने भनेको छ । त्यसको लागि दिगो आर्थिक नीति, श्रमको लचकता, उत्पादकत्व वृद्धिको कार्यक्रम आदि महत्वपूर्ण नीतिहरु आवश्यक पर्दछ । तर राज्यको प्राथमिकतामा आजसम्म कहिल्यै पनि आर्थिक सुधार प्राथमिकतामा परेन । निबन्ध लेखे जस्तो साझा संकल्पमा लेखेर यो सम्भव छैन । त्यसको लागि एक उच्च नैतिकता भएको, केही गरौं भन्ने भावना भएको, सक्षम नेतृत्व आउनु पऱ्यो अहिलेसम्म त्यस्तो वातावरण देखिएको छैन ।

अन्तमा राजनीतिले त पर्खला एउटा संविधान नभए अर्को संविधान बनाउँला, पटक पटक सरकार परिवर्तन गर्ने तर आर्थिक सुधार नगर्ने हो भने मुलुक चल्न सक्ने अवस्था छैन । राजनैतिक दलहरु देशप्रति जिम्मेवार भएनन् । आर्थिक नीति, परराष्ट्र नीति, सुशासन, पारदर्शी शासन, पूर्वाधार निर्माण, गरिबी निवारण र समग्र मुलुकको विकासमा उनीहरुले राष्ट्रिय सहमति कायम गरेनन् । संसदलाई सधैं पंगु बनाइयो । संसदले यो ८ वर्षमा कुनै पनि महत्वपूर्ण विधेयक पास गर्न सकेन । टि.आर.सी. विधेयक १७ वर्षदेखि अल्पत्र छ । संसद सरकार बनाउने भत्काउने कार्यमा मात्र प्रयोग भयो । राजनैतिक दलहरु अत्यन्त नै भ्रष्ट भए । राजनैतिक नेतृत्वप्रति जति नै भ्रष्टाचार गरे पनि कारवाही नहुने परम्परा भयो । कानूनमा अनेकौं छिद्र खडा गरी उनीहरुले उन्मुक्ति पाई रहे । यसमा सुधार नभए सम्म मुलुक सधैं अस्थिरता तर्फ जाने भयो । यो समस्या समाधान गर्न आवश्यकता अनुसार संविधान संशोधन गर्न समेत तयार हुनु पर्दछ ।

*(लेखक जनकपुर चुरोट कारखानाका पूर्व महाप्रबन्धक र वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हुन् ।)*

# विपन्न नागरिकको उपचार सेवामा पहुँच बढाउँदै स्वास्थ्य बीमा कार्यक्रम

**शरद शर्मा**

आर्थिक रुपमा गरिब भएका मानिसलाई उपचारको एकमात्र माध्यमको रुपमा स्वास्थ्य बीमा कार्यक्रम रहेको छ । २०७२ सालमा कैलालीबाट शुरु भएको स्वास्थ्य बीमा कार्यक्रमले धनीदेखि विपन्न नागरिकलाई उपचार सेवा पुऱ्याउँदै आएको छ ।

स्वास्थ्य बीमा बोर्डले नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बिमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा शुरुवात भएको हो । यस कार्यक्रमले सर्वव्यापी स्वास्थ्यको पहुँच प्राप्त गर्नेतर्फ नेपाललाई अग्रसर बनाउँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने आशा लिएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौंलाले धनीले गरिबलाई, हुनेले नहुनेलाई उपचारमा सहयोग गर्ने उद्देश्यका साथ बीमा कार्यक्रम ल्याएको बताउनुभयो । स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि तीन हजार पाँच सय रुपियाँ बराबरको योगदानको आधारमा एक लाख रुपियाँसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ ।

यस्तै थप प्रति सदस्य ७०० रुपियाँका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य २० हजार रुपियाँ बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । बीमा कार्यक्रमको सेवा सुविधाको सीमा दुई लाख रुपियाँसम्म तोकिएको छ ।बोर्डका अध्यक्ष डा. गुणराज लोहनीले चिकित्सक र अस्पतालको मुख नदेखेका गरिबी, विपन्न परिवारलाई बीमा कार्यक्रममार्फत उपचार सेवा प्रदान गरिरहेको बताउनुभयो । “गरिब दिन दुःखीलाई उपचारको माध्यम बीमा कार्यक्रम रहेको छ” उहाँले भन्नुभयो, “बिमालाई अझ प्रभावकारी कार्यन्वयन गरी सबैलाई समेटनुपर्दछ ।”

नेपालको सन्दर्भमा स्वास्थ्य बीमा कार्यक्रमको थालनी २०३३ सालदेखि तत्कालीन शान्ता भवन अस्पताल, पाटनले ललितपुर जिल्लाका केही समुदायबाट सुरु गरेको पाइन्छ । तर पछि त्यसले निरन्तरता पाउन सकेन । नागरिकको समेत केही योगदान रहने गरी नागरिक र राज्यको साझेदारीमा स्वास्थ्य सेवा पुऱ्याउने शुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रम अहिले ७७ जिल्लाका ७५२ स्थानीय तहमा कार्यक्रम शुरुआत गरिएको छ । यसैवर्ष काठमाडौं र ललितपुर महानगरपालिकाले बीमा कार्यक्रम शुरु गरेका हुन् । अहिले काठमाडौंको बुढानीलकण्ठ नगरपालिका मात्र स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएको छैन । नगरपालिकाले स्वास्थ्य बीमा बोर्डसँग पहिलो चरणको छलफल गरी निकट भविष्यमा नै कार्यक्रम लागु गर्ने तयारी गरेको बोर्डका सूचना अधिकारी ओमकुमारी कडेलले जानकारी दिनुभयो ।

### बढ्दै बीमा गर्ने

कार्यकारी निर्देशक डा. बसौंलाले बीमा कार्यक्रमप्रति आम नागरिकको सचेतना बढदै र स्थानीय तहले पनि अपनत्व लिएको हुनाले बढ्दो क्रममा रहेको बताउनुहुन्छ । स्वास्थ्य बीमा कार्यक्रममा विगत तीन वर्षदेखि सेवा उपभोग गर्ने बिमितको प्रतिशत विश्लेषण गर्दा आव २०७७/७८ मा २९ प्रतिशत देखि बढेर आव २०७९/८० मा ३८ प्रतिशत पुगेको थियो ।

बीमा कार्यक्रममा कूल बिमित परिवार संख्या २३ लाख ९२ हजार ६७६ जना (३५.८८ प्रतिशत) र कुल बिमित जनसंख्या ७७ लाख ४१ हजार ४८३ जना (२६.५४ प्रतिशत) रहेको छ । यस्तै कुल बिमितमध्ये सेवा लिनेको संख्या ३६ लाख ५२ हजार ४३२ जना (४७.१८ प्रतिशत )र नवीकरण गर्ने बिमित ४८ लाख आठ हजार ७६० जना (६२.११ प्रतिशत) रहेको छ । अहिले स्वास्थ्य बीमा कार्यक्रममार्फत एक हजार ३३ प्रकारका औषधि उपलब्ध हुन्छ ।

बीमा कार्यक्रमले व्यक्तिको स्वास्थ्य उपचारका क्रममा लाग्ने खर्चका लागि वित्तीय संरक्षण प्रदान गर्दै स्वास्थ्यमा अप्रत्याशित उपचार खर्च कम गरी गरिबीको रेखातिर जानबाट जोगाउने विश्वास गरिएको छ । जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाको माध्यमबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्नु रहेको छ ।

### सहभुक्तानी प्रणाली सुरु

बिमितले जसरी पनि एक लाखको उपचार गर्नुपर्दछ भन्ने विमितको गलत बुझाइ रहेको छ । कार्यकारी निर्देशक डा. बसौलाले आफूले उपचार नगर्दा मेरो सहयोगले अरुले उपचार सेवा पाइरहेको हुन्छ भन्ने कुरा नबुझेको हुनाले समस्या रहेको बताउनुभयो । “बिमितले एक वर्षसम्म उपचार सेवा नपाए ओ हो मैले उपचार गरेवापत एक लाख खर्च गर्नुपर्दछ । मैले उपचार गर्नेपर्दछ भनेर गलत बुझाई रहेको छ,” उहाँले भन्नुभयो, “बिमितले उपचार नगरे सोही रकमबाट अर्को बिमितको उपचार हुन्छ भन्ने राम्रासँग बुझेका छैनन् । त्यसैले गर्दा पनि समस्या आएको हो ।”

बोर्डले सरकारी अस्पतालमा उपचार गरे १० प्रतिशत र निजी अस्पतालमा उपचार गरे २० प्रतिशत सहभुक्तानी प्रणाली लागु गरेको छ । यसअघि बोर्डमा आवद्ध भएकाले कुनै पनि बिमितले उपचार गरेवापत खर्च तिर्नु पर्दैनथ्यो । बोर्डका कार्यकारी निर्देशक डा बसौलाले अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्नका लागि परीक्षणका रुपमा सहभुक्तानी प्रणाली लागु गरिएको बताउनुभयो । “बिमितहरुले अनावश्यक रुपमा चिकित्सकलाई दबाब दिएर स्वास्थ्य परीक्षण गराउन थाले” उहाँले भन्नुभयो, “त्यसलाई निरुत्साहित गर्नका लागि आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर विरामीलाई १० देखि २० प्रतिशत तिराउने निर्णय गरेका हौं ।”

सरकारले घोषणा गरेका लक्षित वर्ग (विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता, दीर्घरोगी) र आकस्मिक कक्षमा उपचार गराउनुको साथै प्राथमिक स्वास्थ्य केन्द्र र १५ शैयासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बिमितले सहभुक्तानी रकम तिर्नु पर्दैन । बोर्डका कार्यकारी निर्देक डा बसौलाले उपचारको सुविधा थैली समय अनुसार परिमार्जन गर्ने भएकाले थैली बढाउने तयारी गरिएको बताउनुभयो । उहाँले योगदान रकम पनि बढाउने र सोही अनुसार उपचार सेवावापत गरिएको सीमा एक लाखबाट बढाउने तयारी गरिएको बताउनुभयो । अहिले तीन हजार ५०० बराबरको योगदानमा एक लाख रुपियाँसम्म उपचार खर्च पाउने गर्दछन् ।

### भुक्तानी कात्तिकसम्म मात्र बाँकी

देशका चार सय ६५ अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम लागु गरिएको छ । दिनमा ३० हजार व्यक्तिले बीमा कार्यक्रममार्फत उपचार गर्ने गरेको दाबी बोर्डमा आउने गरेको छ । केही सत्यापन गर्नका केही दाबी रोकिएको बताउनुभयो । साउनसम्मको भुक्तानी भइसकेको र कात्तिकसम्मको भुक्तानीको चरणमा रहेको छ । बोर्डका कार्यकारी निर्देशक डा.बसौलाले चालु आवको कुल भुक्तानी रु छ अर्ब ४४ करोड १६ लाख ९९ हजार सात सय ५५ भइसकेको छ । उहाँका अनुसार अहिलेसम्म करिब छ अर्ब भुक्तानी गर्न बाँकी रहेकाले चाँडै नै भुक्तानी गर्ने बताउनुभयो ।

### नागरिकलाई बरदान सरह

गरिबी, आर्थिक हैसियत कम भएका मानिसले उपचार गर्ने एक माध्यमको रुपमा स्वास्थ्य बीमा कार्यक्रम रहेको छ । अहिले पनि कति नागरिकले बीमा कार्यक्रमबाट थोरै रुपियाँमा स्वास्थ्य सेवा पाएर जीवन वरदान पाएको कार्यकारी निर्देशक डा बसौला बताउनुहुन्छ ।

“उपचारका लागि पाँच हजार रुपियाँ पनि खर्च गर्ने सक्ने हैसियत नभएका गरिवी, विपन्नको एक लाखसम्म औषधि उपचार गर्न पाएका छन् । कतिले यसलाई बरदान पनि भनेका छन् । गरिवीले महगो उपचार गर्दा सडकमा आउनुपर्दछ । तर बिमामार्फत त्यस्ता गरिवी दिनदुःखीको उपचार सरकारले गरेको छ”, उहाँले भन्नुभयो, “कोही पनि पैसाको अभावमा रोग लुकाएर बस्नु परेको छैन । आर्थिक अभाव भएका लागि उपचारका लागि एकमात्र माध्यम स्वास्थ्य बीमा कार्यक्रम रहेको छ ।”

आव २०७९/८० मा स्वास्थ्य बीमामा आबद्ध ४६ लाख ५८ हजार तीन सय ३१ जना बिमित मध्ये सेवा उपभोग गर्ने १७ लाख ८५ हजार आठ सय ३३ रहेको छन् । कार्यक्रममा आबद्ध भएका बिमितमध्ये सबैभन्दा धेरै सेवा उपभोग गर्ने बिमितको रुपमा सामान्य बिमित रहेका छन् । उमेरको आधारमा बिमितको विवरण हेर्दा १५ देखि ५९ वर्ष उमेर समूहको बिमित ५६ प्रतिशत छन् भने सबैभन्दा कम सात प्रतिशत, ६० देखि ६९ वर्ष उमेर समूहका जनसङ्ख्या बीमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ ।

आव २०७९/८० को कुल क्रियाशील बिमितमध्ये कोशी प्रदेशमा सबैभन्दा धेरै २८ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम मात्र छ प्रतिशत रहेको छ । यस्तै उपचार सेवा उपभोग गर्नेमा कोशी प्रदेशमा सबैभन्दा धेरै ४३ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७ प्रतिशत रहेको छ । सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको आधारमा हेर्दा ६१ प्रतिशत बिमितले सरकारी अस्पतालबाट सेवा उपभोग गरेको देखिन्छ ।

त्यस्तै जिल्लागत रुपमा हेर्दा पाल्पा, जुम्ला, चितवन, भक्तपुर र झापा जिल्लामा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध क्रियाशील जनसंख्या सम्बन्धित जिल्लाको जनसङ्ख्याको ४० प्रतिशतभन्दा माथि रहेका छन् भने धनुषा, महोत्तरी, सर्लाही र काठमाडौं जिल्लामा सबैभन्दा कम तीन प्रतिशत जनसङ्ख्या स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ । बिमालाई स्वेच्छिक राखिएको हुनाले सोचेजस्तो विमित नभएको बोर्डका कार्यकारी निर्देशक डा. बसौलाको भनाई रहेको छ ।

### प्रभावकारी बनाउने के गर्ने

बोर्डका कार्यकारी निर्देशक डा. बसौंलाले नागरिकले सहज रुपमा सेवा उपलब्ध गराउनुपर्ने बताउनुहुन्छ । बिमाका बारेमा नबुझेका मानिसलाई बुझाउन आवश्यक रहेको बताउनुभयो । सङ्घ, प्रदेश र स्थानीय तहको अपनत्व लिई कार्यक्रमलाई प्रभावकारी बनाउन सकिने उहाँको भनाई रहेको छ ।

बोर्डका अध्यक्ष डा. लोहनीले बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि सेवालाई राम्रो, जनचेतना र गाउँगाउँमा बीमा कार्यक्रमबारे जनचेतजना जगाउनुपर्ने आवश्यक रहेको बताउनुहुन्छ । उहाँले सेवालाई प्रभावकारी बनाउनका लागि अनलाइनमार्फत दर्ता प्रक्रिया पनि चाँडै नै शुरु गर्ने बताउनुभयो । उहाँले सात सय ५२ स्थानीय तहमा बीमा कार्यक्रम लागु गरिए पनि निजामती कर्मचारी, शिक्षक, सुरक्षाकर्मी र अन्य कर्मचारीमा पुग्न नसकेको उहाँको भनाइ छ ।

### नवीकरण सबैले गर्दैनन्

सेवामा सन्तुष्टि नभएकाले नवीकरण गर्ने गरेको उहाँ बताउनुहुन्छ । चार सयभन्दा बढी स्थानीय तहमा अस्पताल नभएकाले बीमा कार्यक्रमका सहजकर्ता नहुँदा नवीकरणमा समस्या भएको उहाँ बताउनहुन्छ । बिमित परिवार २३ लाख ९२ हजार छ सय ७६ मध्ये नवीकरण गर्ने परिवार १५ लाख ७१ हजार पाँच सय ५५ जना (६५.६८ प्रतिशत) रहेको छन् । “चार सय वटा स्थानीय तहमा सेवा प्रदायक (अस्पताल) रहेका छैनन्”, उहाँले भन्नुभयो, “अस्पताल नभएकाले ती स्थानीय तहमा नवीकरण हुन सकेको छैन ।”

सरकारले अतिगरिब, ज्येष्ठ नागरिक, एचआइभी सङक्रमित, अतिअशक्त अपाङ्गता, कुष्ठरोग सङ्क्रमित र महिला स्वास्थ्य स्वयसेविकाको निःशुल्क बीमा गरिने दिने गरेको छ । अतिगरिब पाँच लाख १४ हजार छ सय १८ जना, ज्येष्ठ नागरिक नौ लाख ३० हजार तीन ९७ जना, एचआइभी सङ्क्रमित ३६ हजार आठ सय ८१ जना, अतिअशक्त अपाङ्गता एक लाख ४१ हजार दुई सय २३ जना, क्षयरोगका बिरामी तीन हजार तीन सय ३१ जना, कुष्ठरोग सङ्क्रमित तीन हजार छ सय ८५ जना र महिला स्वास्थ्य स्वयंसेविका एक लाख ३२ हजार पाँच सय ६७ जना रहेका छन् ।

# भरतपुर आधुनिक सहरका रूपमा विकास भइरहेको छ : प्रधानमन्त्री

**प्रधानमन्त्री दाहालले भरतपुर अस्पताल राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानको आङ्गिक कलेज भइरहेका सन्दर्भमा आगामी शैक्षिकसत्रबाट नै एमबिबिएस कक्षा सञ्चालन गर्नुपर्ने अस्पताल प्रशासनको मागप्रति आफू सहमत रहेको बताउनुभयो ।**



**चितवन** । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, पूर्वाधार विकासलगायतका क्षेत्रमा भरतपुरले आधुनिक र विकासशील सहरका रूपमा फड्को मारिरहेको बताउनुभएको छ । भरतपुर अस्पतालको ६८औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले भौतिक पूर्वाधार एवं मानवीय विकासका बहुआयमिक क्षेत्रमा भरतपुरले निरन्तर प्रगति हासिल गर्दै गएको उल्लेख गर्नुभयो ।

"भरतपुर शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, पूर्वाधार विकासलगायतका विविध क्षेत्रमा देशकै आधुनिक र विकासशील सहरका रूपमा फड्को मारिरहेको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "स्वास्थ्य सेवाका साथै यस क्षेत्रमा आवादी, खेतीयोग्य जमिनको विस्तार एवं सहरीकरणका निम्ति गुणात्मक योगदान प्रगति गरेको छ ।" उहाँले केही दशक अगाडि घना जङ्गल र झाडीले भरिएको, जङ्गली जनावर र विषालु जीवजन्तुको प्रकोप रहेको परिस्थितिमा मानव स्वास्थ्यलाई दृष्टिगत गरी भरतपुर अस्पताल निर्माण भएको स्मरण गर्नुभयो । यस क्षेत्रकै आमजनतालाई आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यका साथ नेपाल-अमेरिका संयुक्त कोषअन्तर्गत भरतपुर अस्पतालको कार्यप्रारम्भ भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले वर्तमानसम्म आइपुग्दा ४० लाख सेवाग्राहीलाई विशेषज्ञ सेवा प्रदान गरेको जानकारी पाउँदा आफूलाई खुसी महसुस भएको बताउनुभयो ।

अस्पतालले अन्तरङ्ग र बहिरङ सेवामार्फत नियमित स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "संरक्षित वनजङ्गल क्षेत्रमा पाइने हिंस्रक जीवजन्तुको टोकाइ र आक्रमण, बाढी, पहिरो, आगजनी तथा प्राकृतिक प्रकोप, सबैखाले दुर्घटना, डेङ्गु, इन्फ्ल्युञ्जा, क्षयरोग, कुष्ठरोगलगायत आदिबाट प्रभावित बिरामीहरूको रोग निदान, उपचार र नियन्त्रणका लागि आवश्यक उपचार र परामर्शलगायतका सेवालाई उच्च प्राथमिकता दिइरहेको छ ।" मुख्यतः अस्पतालको भौतिक पूर्वाधार विकास, श्यया क्षमतामा विस्तार, दक्ष जनशक्तिको समुचित व्यवस्थापन तथा रोग निदान र उपचारमा आवश्यकपर्ने अत्याधुनिक औजार उपकरणहरूको पर्याप्त व्यवस्थाको विषयलाई आफूले गम्भीरतापूर्वक लिएको बताउँदै उहाँले यसका निम्ति सरकारकोतर्फबाट आवश्यक पहल हुने विश्वास दिलाउनुभयो । प्रधानमन्त्री दाहालले भरतपुर अस्पताल राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानको आङ्गिक कलेज भइरहेका सन्दर्भमा आगामी शैक्षिकसत्रबाट नै एमबिबिएस कक्षा सञ्चालन गर्नुपर्ने अस्पताल प्रशासनको मागप्रति आफू सहमत रहेको बताउनुभयो ।

कार्यक्रममा उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले यस अस्पताललाई विशिष्टकृत अस्पतालका रुपमा विकास गर्नुपर्ने बताउनुभयो। विशिष्टकृत सेवा दिनका लागि स्वास्थ्य उपचार, स्वास्थ्य शिक्षा र अनुसन्धान आवश्यक हुने भन्दै उहाँले यस अस्पतालमा यी सबै पूर्वाधार तयार भएको बताउनुभयो । यस अस्पताललाई उपचारको केन्द्रका रुपमा विकास गर्न सरकार लागिरहेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "यस अस्पताललाई नेपालको महत्वपूर्ण केन्द्रका रुपमा विकास गरिनेछ ।" अस्पताल प्रशासन, स्थानीय र बिरामीको चाहना एवं अवश्यकता हेरेर सरकार अघि बढ्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रदेशसभा सदस्य उत्तम जोशी, भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल, जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, नेपाली कांग्रेसका जिल्ला सभापति राजेश्वर खनाल, नेकपा (एमाले)का जिल्ला अध्यक्ष रामप्रसाद न्यौपाने लगाएतले अस्पतालको विकास र सेवा वृद्धिमा सङ्घीय सरकारले ध्यान दिनुपर्ने बताउनुभएको थियो ।

अस्पताल विकास समितिका अध्यक्ष राजु पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा श्रीराम तिवारीले अस्पतालका बारेमा प्रकाश पार्नुभएको थियो । यस अस्पतालले अहिले चितवनसहित २२ जिल्लाका बिरामीलाई सेवा पुऱ्याउँदै आएको सो अवसरमा जानकारी दिइएको थियो । कार्यक्रममा उत्कृष्ट चार कर्मचारीलाई नगदसहित सम्मान गरिएको थियो ।रासस

# एक घण्टाभित्र श्रम स्वीकृति प्रदान गर्ने श्रममन्त्रीको दावी



**टुडे समाचारदाता**

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई एक घण्टाभित्र श्रम स्वीकृति प्रदान गर्ने दावी गरेका छन् ।

आइतबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री अर्यालले कार्यालय समयभित्र आवश्यक काजगपत्र तथा विवरण अनलाइन प्रविधिमार्फत दर्ता (अपलोड) गरेको एक घण्टाभित्र आफ्नै मोबाइल फोनमा श्रम स्वीकृति प्राप्त गर्न सकिने बताए । वैदेशिक रोजगार कार्यालय ताहाचलले अनलाइनमार्फत दिइँदै आएको श्रम स्वीकृतिको सेवालाई छिटोछरितो बनाउँदै एक घण्टाभित्र उपलब्ध गराउन सम्भव भएको उनको भनाइ छ ।

"कोही पनि श्रमिकले आफ्नो सम्पूर्ण कागजपत्र अनलाइन प्रविधिमार्फत विवरण दर्ता गराएको एक घण्टाभित्र श्रम स्वीकृति आफ्नै मोबाइलमा प्राप्त गर्न सक्नुहुनेछ", मन्त्री अर्यालले भने, "कर्मचारीको लगनशीलता, इमान्दारिता र सम्पर्णको सहयोगले यो कार्य गर्न सम्भव भएको हो ।"

श्रम स्वीकृति लिने काममा अहिले धेरै लामो समय लाग्ने अवस्था नभएको भन्दै मन्त्री अर्यालले कागजात नपुगेको अवस्थामा, दोहोरोपना वा कर्मचारीलाई शङ्कास्पद लागेको अवस्थामाबाहेक काम सहज रुपमा नै भइरहेको जानकारी दिए । "काम नभएर रोकिएकाको पनि नियमित कामलाई अवरोध नहुने गरी हुनेछ", उनले भने ।

मन्त्री अर्यालले कम्प्युटरको 'सफ्टवयर' मा सुधार गर्दै सहज र प्रभावकारी व्यवस्थापनको काम गरिएको बताए ।

उनले कार्यालय समय बिहान १० देखि साँझ ५ बजेसम्म रहेको भन्दै सो अवधीमा श्रम स्वीकृति लिन सकिने जानकारी दिए ।

# स्रोत र साधनको अधिकतम उपयोग हुने अवस्था सिर्जना गर्छौं : मन्त्री बस्नेत



**पाटन** । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग हुने अवस्था सिर्जना गरिने बताउनुभएको छ ।

जलस्रोत तथा सिँचाइ विभागद्वारा 'समृद्ध नेपालको आधार, कृषियोग्य जमिनमा पूर्ण सिँचाइको विस्तार' भन्ने नारासहित आइतबार मनाइएको सिँचाइ दिवस एवं ७१औँ वार्षिकोत्सव कार्यक्रममा मन्त्री बस्नेतले परि स्थिति, सोच र सन्दर्भलाई परिवर्तन गर्दै समय सापेक्ष र परिस्थिति अनुकूल कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

"हामी पूर्वाधार विकास, सामाजिक न्याय र आर्थिक विकासको कुरा गरिरहेका छौँ । यसलाई योजना कार्यान्वयनमा कसरी प्रतिविम्बित गरिरहेका छौँ भन्ने कुरा विचारणीय छ । अहिले आवश्यकता सामाजिक न्याय र आर्थिक विकासलाई समानुपातिक रुपमा अघि लैजानु हो । बजेट, जनशक्ति र कार्यक्रममा तालमेल नहुँदा उपलब्धि हासिल हुन सकेको छैन", मन्त्री बस्नेतले भन्नुभयो । सिँचाइ क्षेत्रमा पनि पर्याप्त बजेट नपुगेको भन्दै कतिपय अवस्थामा छुट्याइएको बजेट सही ठाउँमा उपयोग हुन नसक्दा समस्या उत्पन्न भइरहेको मन्त्री बस्नेतले बताउनुभयो । कार्यक्रम एक ठाउँमा र बजेटको लक्ष्य अर्को ठाउँमा हुँदा उपलब्धि हासिल गर्न चुनौती थपिएको उहाँको भनाइ छ ।

विकासको गतिशील प्रक्रियालाई ग्रहण गर्दै जाने क्षमता चाहिने भन्दै मन्त्री बस्नेतले नीति, योजना, कार्यक्रम तय गर्दा एकीकृत विकासको सोचबाट अगाडि बढ्नुपर्ने बताउनुभयो । अन्तरसम्बन्ध भएका सबै कानुन निर्माण गरी परिणाम निस्कने गरी परियोजना सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । हरेक क्षेत्रका लागि एकआपसमा बाँझिने फरक-फरक कानुन बनाउनुभन्दा समय र समन्वयका आधारमा एउटै कानुन बनाउनु ठीक हुने भन्दै मन्त्री बस्नेतले सिँचाइ क्षेत्रको बृहत् विकासका लागि जलस्रोत तथा सिँचाइ गुरुयोजना तयार पारेर सोही अनुसार लक्ष्य हासिल गर्नुपर्ने बताउनुभयो ।

लोकसेवा आयोगका सदस्य माधव बेलवासेले खाद्य सुरक्षा अत्यन्तै गम्भीर विषय भएको भन्दै यसका लागि सिँचाइको भूमिका धेरै महत्वपूर्ण हुने बताउनुभयो । "हाम्रा धेरै जमिन बाँझो अवस्थामा छन् । आयोजना उद्घाटन गरेर बस्न सक्ने अवस्था छैन । सिँचाइमा लागतको व्यवस्थापनका लागि समयमै योजना सम्पन्न गनुपर्ने हुन्छ । ठूला आयोजनालाई प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ", उहाँले भन्नुभयो ।

आयोजना कार्यान्वयन गर्दा विभागले समयमै सम्पन्न गर्नका लागि प्रत्यक्ष निगरानी गर्नुपर्नेतर्फ ध्यानाकर्षण गराउँदै बेलवासेले प्रशासन र प्रविधिक धारका जनशक्तिलाई फरक ढङ्गले परिचालन गरी आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि ध्यान दिनुपर्ने बताउनुभयो ।राष्ट्रिय योजना आयोगका सदस्य डा कुसेन्द्रबहादुर महतले कृषि सरकारको सबैभन्दा महत्वपूर्ण क्षेत्र रहेको भन्दै यसका लागि सिँचाइका व्यवस्थापन आवश्यक हुने बताउनुभयो । उहाँले साधन र स्रोतको सीमितताका बाबजुद पनि १६औँ पञ्चवर्षीय योजनामा नेपालको जलस्रोत र सिँचाइसम्बन्धी योजनालाई महत्वका साथ समेटिनुपर्ने बताउनुभयो ।

महतले अहिले निर्दिष्ट गरिएको साधन र स्रोतलाई शतप्रतिशत खर्च हुने वातावरण बनाउनु चुनौती रहेको धारणा राख्नुभयो । उहाँले उत्पादकत्व वृद्धि गर्न किसानलाई तत्कालै लाभ हासिल गर्न सक्ने नवप्रवर्तनीय सोचको विकास गरि नुपर्नेमा जोड दिनुभयो । "नीतिगत समस्या छन् भने सम्बन्धित निकायले जानकारी दिनुपर्छ । योजना आयोगले समस्या समाधानका लागि सहज बनाउने नीति लिएको छ", महतले भन्नुभयो, "नागरिकले आशा गरेका आयोजना सफल बनाउन हामी छलफल गरौँ र आपसी समन्वयका आधारमा सम्पन्न गरौँ ।"

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले उत्पादकत्व वृद्धिका लागि उपलब्ध जलस्रोतको भरपुर उपयोग गर्दै लक्ष्य हासिल गर्नुपर्ने बताउनुभयो । उहाँले पूर्वाधार विकासलाई पहिलो प्राथमिकता राखेर सेवा दिँदै कृषि उत्पादन बनाउन प्रभावकारी ढङ्गले लाग्नुपर्ने बताउनुभयो ।

विद्युत ऊर्जाको उपयोग गर्दै सिँचाइ क्षमतालाई वृद्धि गरेर उत्पादन बढाउन सबै क्रियाशील हुनुपर्नेमा सचिव तिवारीले जोड दिनुभयो । ऊर्जा उपयोगका लागि अनुदान दिने नीति बनाउँदै राष्ट्रिय उत्पादन बढाउन र रोजगारी सिर्जना गर्न लाग्नुपर्ने उहाँको भनाइ छ ।

जल तथा ऊर्जा आयोगका सचिव केशवप्रसाद शर्माले खेतीयोग्य जमिनको संरक्षणका लागि राष्ट्रिय बहस सञ्चालन गर्नुपर्ने भन्दै किसानका मागमा आधारित सिँचाइ योजनालाई जोड दिनुपर्ने बताउनुभयो । सिँचाइ क्षेत्रमा भएका विज्ञहरुको क्षमता र विज्ञतालाई प्रयोग गरेर उत्पादन र रोजगार सिँग जोड्नुपर्नेमा उहाँले जोड दिनुभयो । सिँचाइ विश्वव्यापी सरोकारको विषय हो भन्नुहुँदै आयोगका सचिव शर्माले यसलाई खाद्य सुरक्षासँग जोडेर क्षेत्र पराकिलो बनाउनुपर्ने बताउनुभयो ।

मन्त्रालयका सरिता दवाडीले सिँचाइ नीतिलाई कार्यान्वयन गर्न ऐन नै बनाएर जानुपर्ने आवश्यकता रहेको बताउनुभयो । उहाँले तराईका क्षेत्रमा भूमिगत सिँचाइ आयोजना गर्न सके भरपर्दो हुने भन्दै सिँचाइलाई खाद्य सुरक्षासँग जोडेर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । मन्त्रालयअन्तर्गत रहेको सिँचाइ विभागले आवश्यक कानुनी पुनःसंरचना, कार्यालय कार्यक्षेत्र तथा संरचना परिवर्तन गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो ।

विसं २००९ मा नहर विभागको रुपमा स्थापित विभागद्वारा आयोजित सिँचाइ दिवस एवं ७१औँ वार्षिकोत्सवको अवसरमा रानीजमाराकुलरियासिँचाइआयोजना टीकापुर कैलाली, सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना सिन्धुली र बृहत् दाङ उपत्यका सिँचाइ आयोजना दाङलाई उत्कृष्ट सिँचाइ आयोजनाका रुपमा सम्मान गरिएको छ । कार्यक्रममा यसवर्ष अवकाश प्राप्त कर्मचारीलाई समेत सम्मान गरिएको छ ।रासस

# 'राष्ट्रको विकासका लागि सकारात्मक सन्देश प्रवाह गर्नु आवश्यक'

**टुडे समाचारदाता**

काठमाण्डु । उपसभामुख इन्दिरा रानाले समयको महत्व नबुझ्नेले अरुको भलो गर्न नसक्ने बताएकी छन् ।

संविधानसभा सदस्य महिला मञ्च र नेपाल कानुन समाजद्वारा आइतबार आयोजित कार्यक्रममा उनले राजनीतिक दल र नेता विशेषको स्वार्थ फरक भएर बनाइएका कानुनले देश र जनताको हितमा काम गर्न नसक्ने बताएकी हुन् ।

उपसभामुख रानाले लोकतन्त्रको सुदृढीकरण तथा राष्ट्रको विकास र समृद्धिका लागि आम नागरिकमा सकारात्मक सन्देश प्रवाह गर्न आवश्यक रहेको बताउदै प्रत्येक व्यक्तिले आफनो कार्य जिम्मेवारी समयमै सक्नुपर्छ र समयको मूल्य नबुझ्ने व्यक्तिले अरुको भलो गर्न नसक्ने बताईन् । उनले मतको अनादर गर्ने र कार्य जिम्मेवारी पूरा नगर्ने राजनीतिक नेता होस् वा कर्मचारीलाई फिर्ता बोलाउने र सेवाबाट अलग गर्ने नीति बनाइ कार्यान्वयन गरिनुपर्ने बताईन् ।

मञ्चका अध्यक्ष दामा शर्माले राज्यका सबै अङ्गमा महिलाको उपस्थिति ३३ प्रतिशत रहनुपर्छ भनी संविधानले स्वीकार गरेको व्यवस्थालाई सरकार र राजनीतिक दलले दायाँबायाँ गर्न नहुने बताईन् ।

उनले भनिन्, "समानुपातिक र समावेशी नेपाल सुनिश्चित नभएसम्म महिलासम्बन्धी माग मुद्दा र आन्दोलन निरन्तर भइरहन्छ । निर्वाचन आयोगले मस्यौदा गरेको निर्वाचनसम्बन्धी कानुन लैङ्गिक तथा सामाजिक समावेशीकरणका दृष्टिमा लोकतन्त्रको उच्चतम अभ्यास गरिरहेको अवस्थामा प्रगतिशील छ ।"



**राजनीतिमा महिलालाई अघि बढाउन निर्वाचन क्षेत्रको सुनिश्चिता आवश्यक रहेको बताउँदै उहाँहरुले चुनावका समयमा दलहरुबीच हुने गठबन्धनको प्रवृत्तिले महिलाको प्रतिनिधित्व खुम्चिएको धारणा राखे ।**

सो अवसरमा सहभागी अन्य वक्ताले मुलुकले पनि संविधानले व्यवस्था गरेको महिलाका अधिकारपूर्ण कार्यान्वयन हुन नसकेको बताए । कानुनी व्यवस्था नहुने हो भने राजनीतिक नेतृत्वले अझै पनि महिलालाई अधिकार दिने विषयमा आनाकानी गर्ने गरेको बताउँदै उहाँहरुले संविधान र कानुनमा लेख्ने मात्र ठूलो विषय नभइ कार्यान्वयनको पाटो महत्वपूर्ण रहेको प्रतिक्रिया दिए ।

जनसंख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्ने कानुनी व्यवस्था हुनुपर्नेमा जोड दिँदै प्रतिनिधिसभा सदस्यहरुले हरेक कानुनलाई महिला संवेदनशीलताको पाटोबाट हेरिनुपर्ने धारणा राखे । राजनीतिमा महिलालाई अघि बढाउन निर्वाचन क्षेत्रको सुनिश्चिता आवश्यक रहेको बताउँदै उहाँहरुले चुनावका समयमा दलहरुबीच हुने गठबन्धनको प्रवृत्तिले महिलाको प्रतिनिधित्व खुम्चिएको धारणा राखे ।

त्यस अवसरमा सवैधानिक कानुनका जानकार मोहनलाल आचार्यले लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिमा निर्वाचनसम्बन्धी कानुनलाई संशोधन एकीकरण गर्न बनेको विधेयक २०८० मा उल्लेख भएका व्यवस्था र समावेश गर्नुपर्ने विषयबस्तुबारे जानकारी गराए ।


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

जनकपुरधाम, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०।१२।२६

यस प्रतिष्ठानको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | सुचना प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) | कार्यसम्पादन जमानत (Performance Guarantee) |
|---|---|---|---|---|---|
| 1. | 21/02/2024 | MIHS/NCB/WORKS/2080-081/2, The construction of Manimandap ko Jagga ko Chaarai tira Parkhal Nirman Karya, Madesh Institute of Health Science, Janakpurdham, Dhanusha. | Shiv Jyoti Construction, Janakpur–14,Dhanusha | 41,22,329.97 | 18,70,000 |

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

# गाजा युद्ध सातौं महिनामा प्रवेश, युद्धविराम अझै अनिश्चित

**एएफपी**

गाजा। इजरायल र हमासबीचको युद्ध आइतबार सातौं महिनामा प्रवेश गरेको छ। युद्धविराम र बन्धक रिहाई सम्झौताको मध्यस्थताका लागि अमेरिका र अन्य वार्ता टोली कायरोमा भेट्ने कायक्रम तय भएको छ।

इजिप्टको 'अल-काहेरा न्यूज'का अनुसार अमेरिकी गुप्तचर संस्था सीआईएका निर्देशक बिल बर्न्स, कतारी प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान बिन जसिम अल थानी र इजिप्टका मध्यस्थकर्ताले इजरायली र हमास प्रतिनिधिमण्डलबीच आइतबार सक्ने पहिलो पटक सशर्त दबाव दिएपछि इजरायल वार्ताका लागि तयार भएको छ।

गाजामा अहिलेसम्मकै सबैभन्दा रक्तपातपूर्ण युद्धको कारण बनेको अक्टोबर ७ मा हमासका लडाकूले इजरायली भूमिमा गरेको अकल्पनीय आक्रमणमा एक हजार १७० जनाको मृत्यु भएको इजरायली तथ्याङ्कले देखाएको छ। उक्त आक्रमणपछि प्यालेस्टिनी लडाकूहरूले करिब २५० इजरायली र विदेशी बन्धकहरूलाई पनि बन्धक बनाएका थिए जसमध्ये १०० को हाराहारीमा गत नोभेम्बर महिनामा भएको युद्धविरामपछि फिर्ता भएका थिए। बन्धक बनाइएका करिब १३० व्यक्ति गाजामा सहरको महत्वपूर्ण र ठूलो अस्पताल ' अब मानव चिहान भएको खाली खोल' मा परिणत भएको बताउनुभएको छ। उहाँले डब्ल्युएचओको टोलीले कम्तीमा पाँच वटा शव देखेको बताएको छ।बाइडेनले इजिप्ट र कतारका नेताहरूलाई पत्र लेख्दै हमासबाट 'सम्झौतामा सहमत हुने र त्यसको पालना गर्ने' प्रतिबद्धता सुनिश्चित गर्न आग्रह गर्नुभएको छ।

नोभेम्बरमा भएको एक साता लामो युद्धविराममा इजरायलले हिरासतमा लिएका प्यालेस्टिनी कैदी र केही बन्धकको आदानप्रदान भएको थियो। त्यसपछि भङ्ग भएको युद्धविरामले पुनः चर्चा पाएको भेटवार्ता गर्ने अपेक्षा गरिएको छ।

उहाँले सिनेटमा बहुमत प्राप्त दलका नेता चक शुमरलाई पनि भेट्नुहुनेछ। गत महिना इजरायलमा मध्यावधि निर्वाचनको आह्वान गर्दै नेतन्याहुको विकल्प खोज्न इजरायली जनतालाई मौका दिनु उपयुक्त हुने उहाँले बताउनुभएको थियो। लापिडसहित १० हजार इजरायलीले शनिबार तेल अभिभ र अन्य शहरमा नेतन्याहूविरुद्ध प्रदर्शन गर्दै 'निर्बाचन' को माग गरेका थिए।बेलायती प्रधानमन्त्री ऋषि सुनकले शनिबार भयानक द्वन्द्व अन्त्य हुनैपर्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, "हमासका आतङ्ककारीहरूको खतरालाई परास्त गर्न र उनीहरूको सुरक्षाको रक्षा गर्न इजरायलको अधिकारको पक्षमा हामी अडिग छौं। तर यो रक्तपातबाट बेलायतलगायत सिङ्गो संसार स्तब्ध भएको छ।"

ड्रोन आक्रमणमा परी डब्लुसीकेका कामदारको ज्यान जाने गरी भएको त्रुटि फेला परेपछिइजरायलीसेनालेदुईजनाअधिकारीलाई बर्खास्त गर्ने घोषणा गरेको छ।हमासले रातको समयमा हिँडिरहेका सहायता गाडीहरू जफत गरेको 'गलत अनुमान' का कारण घटना भएको इजरायली सैन्य कमाण्डरले बताएका छन्। अस्ट्रेलियाले सहायताकर्मीहरूको मृत्युमा इजरायलको प्रतिक्रियाको आलोचना गरेको छ। आक्रमणमा मारिनेमा अष्ट्रेलियाली नागरिक लालजावमी 'जोमी' फ्रैङ्कम पनि रहनुभएको थियो। अष्ट्रेलियाले आफ्नो अनुसन्धानमा 'पारदर्शिता' सुनिश्चित गर्न इजरायलसँग काम गर्न एक विशेष सल्लाहकार नियुक्त गर्ने जनाएको छ।

आक्रमणपछि डब्लुसिकेको गाजा अभियान स्थगित गरिएको छ भने अन्य विश्वव्यापी सहायता समूहहरूले यस क्षेत्रमा राहत कार्य लगभग असम्भव भएको बताएका छन्।बाइडेन र नेतन्याहूको टेलिफोन वार्ताको केही घण्टामा नै अश्दोद बन्दरगाह र एरेज सीमा पार गरेर 'अस्थायी' सहायता वितरण गर्न अनुमति दिने इजरायलले घोषणा गरेको छ। संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले छरिएर रहेका उपायभन्दा पनि आमूल उपायको खोजी गर्न आह्वान गर्नुभएको छ। गाजाको नागरिक सुरक्षा निकायका प्रवक्ता महमुद बासलले शनिबार एएफपीसँग कुरा गर्दै गाजामा २४ लाख मानिसका लागि सहायता पर्याप्त नभएको बताउनुभएको छ।

करिब १५ लाख गाजावासीले इजिप्टसँगको सीमा नजिक दक्षिणमा रहेको रफाहमा आश्रय लिइरहेका छन्। शरणार्थी अवस्थामा बसेकी ५० वर्षीय महिला सिहाम अचुरले आफ्नो परिवार बस्दै आएको पालबाट आफूलाई सुरक्षित महशुस हुने गरी घरमा फिर्ता हुने वातावरण बनाइदिन आग्रह गर्दै भन्नुभयो, "हामी सामान्य नागरिक हौं। युद्धसँग हाम्रो कुनै संलग्नता छैन। आफ्नो घर फर्किने वातावरण छिट्टै बनोस्।"



हुने अप्रत्यक्ष वार्ताका लागि इजिप्टका मध्यस्थता गर्नेछन्। गाजामा पूर्ण युद्धविराम र इजरायली सेनाको फिर्ताको मुख्य माग रहेको पुष्टि वार्ताअघि हमासले गरेको छ। इजरायली सेनाले गाजामा सात जना सहायताकर्मीको हत्याको आरोपमा दुई जना अधिकारीलाई बर्खास्त गर्न लागेको बताएपछि युद्धविरामको प्रयास भएको हो।

गत अप्रिल १ मा मानवीय सहायता समूह 'वर्ल्ड सेन्ट्रल किचेन (डब्लुसिके)' का कर्मचारीको मृत्यु भएको इजरायली स्वीकारोक्तिपछि घटनाको स्वतन्त्र छानबिनको माग गरिएको छ। डब्लुसीकेका संस्थापक जोस एन्ड्रेसले एबिसी न्यूजसँग भन्नुभयो, "युद्धको छ महिनामा मानवता विरोधी धेरै घटनाहरू भएका छन्। ती घटनाका दोषीलाई कानुनी दायरामा ल्याउनुपर्छ।"गत हप्ता अमेरिकी राष्ट्रपति जो बाइडेन र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुबीच भएको वार्ताले इजरायललाई वार्तामा बस्न बाध्य बनाएको छ। राष्ट्रपति बाइडेनले 'तत्काल युद्धविराम' गर्न, नागरिकको हत्या कम गर्न र मानवीय अवस्था सुधार गर्न वा त्यसो नगरेमा अमेरिकी सहयोग रोकिन रहेका र ३० भन्दा बढीको मृत्यु भइसकेको हुनसक्ने इजरायली सेनाले बताएको छ।

इजरायली सेनाले आइतबार गाजामा आफ्ना थप चार सैनिक मारिएको घोषणा गरेसँगै अक्टोबरको अन्त्यमा स्थलगत कारबाही सुरु भएयता मृतक इजरायली सैनिकको स२८्या २६० पुगेको जनाएको छ। इजरायली राष्ट्रपति आइज्याक हर्जोगले 'क्रूर आतङ्कवादी आक्रमण र भयानक नरसंहार' बाट सुरु भएको 'रक्तपातपूर्ण र कठिन युद्ध' को छ महिना वितेको र यो समयमा इजरायलले हमासविरूद्धको कारबाहीलाई निकै प्रभावकारी बनेको उल्लेख गर्नुभएको छ।

हमासविरुद्ध इजरायलले गरेको जवाफी कारबाहीमा गाजामा कम्तीमा ३३ हजार १३७ जनाको मृत्यु भएको छ, जसमा अधिकांश महिला र बालबालिका रहेका छन्। दुई हप्ताको इजरायली आक्रमणले ध्वस्त भएको गाजाको सबैभन्दा ठूलो अस्पताल अल-शिफामा विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)को नेतृत्वमा रहेको टोली अन्ततः अस्पताल परिसरमा प्रवेश गरेको छ। डब्लुएचओका प्रमुख टेड्रोस अधानोम घेब्रेयेससले गाजा छ। राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीका अनुसार नेतन्याहूसँग बाइडेनले बिहीबार गरेको कुराकानीमा सम्झौताका लागि आफ्ना वार्ताकारलाई सशक्त बनाउने विषयमा छलफल भएको थियो।वासिङ्टनले सम्झौता हुन नसक्नुमा हमासले बिरामी र अन्य जोखिममा रहेका बन्धकहरूलाई रिहा गर्न इन्कार गरेको आरोप लगाएको छ। कतारले विस्थापित गाजावासीको स्वदेश फिर्तीमा इजरायलको आपत्ति नै मुख्य बाधक भएको बताएको छ।

इजरायललाई अमेरिकाले दिएको ठूलो सैन्य सहायतालाई लिएर यति बेला बाइडेन आफ्नै दल र विपक्षी नेताको तर्फबाट दबाबमा हुनुहुन्छ। इजरायलले युद्ध सञ्चालन गरेको विषयमा आलोचनात्मक टिप्पणी गरिए पनि वासिङ्टनले अहिलेसम्म त्यसको लाभ उठाउन सकेको छैन।इजरायलका विपक्षी प्रमुख याइर लापिड उच्च अधिकारीसँग वार्ताका लागि शनिबार वासिङ्टनतर्फ प्रस्थान गरेको उहाँको दलले पुष्टि गरेको छ। यश अतिद्लाई इजरायली मध्यमार्गी दलका रूपमा हेरिन्छ। लापिडले विदेशमन्त्री एन्टोनी ब्लिन्केन र राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानसँग

# एसएमएस फ्रेन्डसिप कपमाथि नेपालको कब्जा



**टुडे समाचारदाता**

काठमाण्डु। भारतमा भएको मैत्रीपूर्ण क्रिकेट प्रतियोगिताको उपाधि नेपालले जितेको छ। भारतको गुजरातलाई १८ रनले पराजित गर्दै नेपालले 'एसएमएस फ्रेन्डसिप कप टी-२० क्रिकेट प्रतियोगिता'को उपाधि जितेको हो।

गुजरातको वापीस्थित साई मेघपन स्पोर्ट्सलाइफ मैदानमा आइतबार भएको फाइनल खेलमा नेपालले टस जितेर पहिला ब्याटिङ रोजेको थियो। नेपालले निर्धारित २० ओभरको खेलमा चार विकेट गुमाउँदै एक सय ७६ रनको योगफल बनायो। नेपालले दिएको एक सय ७७ रनको विजयी लक्ष्य पछ्याउने क्रममा गुजरातले २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ५८ रन मात्र बनाउन सक्यो।

नेपालका ब्याटिङ गर्ने क्रममा कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ७४ रनको योगदान दिए। यसक्रममा उनले ४७ बल खेल्दै चार छक्का र पाँच चौका हाने। यस्तै आसिफ शेखले ३४, कुशल मल्लले अविजित ३१ तथा कुशल भुर्तेलले १९ रन बनाए।बलिङतर्फ गुजरातका जयमित पटेल, स्नेह पटेल, तेजास पटेल र जाला युवराजसिंहले एक एक विकेट लिए।

गुजरातका लागि ब्याटिङ गर्ने क्रममा कप्तान उमङ्ग रोहितकुमारले २८ बलमा सर्वाधिक ४० रन बनाए। यस्तै आर्य देसाईले ३६, रुद्र पटेलले १७, हर्ष देसाईले १५ तथा जयमित पटेलले १५ रन जोडे।बलिङतर्फ नेपालका अविनाश बोहोराले तीन, दीपेन्द्रसिंह ऐरीले दुई तथा करण केसी र कुशल मल्लले एक एक विकेट लिए।

# आयरल्यान्ड सामु नेपाल निरिह

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल ' ए'विरुद्धको एकदिवसीय शृंखला आयरल्यान्ड 'ए'ले 'क्लिनस्वीप' गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आइतबार भएको प्रतियोगिताको तेस्रो खेलमा नेपाल 'ए'लाई ६९ रनले पराजित गर्दै आयरल्याण्ड 'ए'ले शृखंला क्लिनस्वीप गरेको हो। आयरल्याण्ड 'ए'ले पहिलो खेल २१ रनले र दोस्रो खेल एक सय १४ रनले जितेको थियो।

आइतबारको खेलमा जितका लागि दुई सय ८५ रनको लक्ष्य पाएको नेपाल ३९ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै दुई सय १५ रनमा समेटियो। नेपालका लागि अर्जुन कुमालले सर्वाधिक एक सय दुई रनको योगदान दिए। उनले एक सय १८ बल खेल्ने क्रममा १४ चौका प्रहार गरे।

त्यसैगरी अर्जुन साउदले ३० बलमा चार चौका र तीन छक्काको साहयताले ३६ रन बनाए भने नरेन भट्ट र रुपेश सिंहले समान १५/१५ रन बनाए। देव खनालले ११ रन जोडदा साहब आलमले छ रनमा आउट भए। आयरल्याण्ड 'ए'को जितमा बिन ह्वाइट एक्लैले पाँच विकेट लिए भने गाभिन होयले चार विकेट झारे। त्यस्तै म्याथ्यु फोस्टरले एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको आयरल्यान्ड 'ए'ले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर दुई सय ८४ रनको योगफल बनाएको थियो।

आयरल्यान्ड 'ए'का लागि स्टीफन डोहनीले शतकीय प्रहार गरे। उनले एक सय २९ बल खेल्दै आठ छौका र दुई छक्काको सहयोगमा एक सय सात रनको योगदान दिएका थिए। त्यस्तै पिटर मुरले २४ बलमा दुई चौका र पाँच छक्काको सहयोगमा ४४ रन बनाए। म्याथ्यु हम्फ्रेजले २३ रन बनाए भने मोर्गन टोप्पिङले २१ रन बनाए। त्यस्तै फिन ह्यान्डले २० रन जोडे।

नेपाल 'ए'का रिजन ढकाल र रञ्जित कुमारले समान तीन/तीन विकेट लिए भने विकास आग्री र साहब आलमले समान एक एक/विकेट लिए।

# अष्ट्रेलियामा बाढीका कारण सामान्य जनजीवन प्रभावित

**एएफपी**

सिड्नी। अस्ट्रेलियाको न्यू साउथ वेल्समा व्यापक बर्षपछि आइतबार आएको बाढीका कारण सयौं व्यक्ति प्रभावित भएका छन्।

उत्तरपूर्वी सिड्नीमा भारी वर्षापछि बाढी र डुबानको जोखिमबाट सुरक्षा दिन करिब ३०० घरखाली गराइएको आपतकालीन सेवाहरूले जनाएका छन्।सङ्घीय विपद् व्यवस्थापन मन्त्री क्याथरिन किङ्ले बाढीको पानीले छोटो समयमा नै राज्यभरि व्यापक क्षति पुऱ्याएको बताउनुभएको छ। "न्यू साउथ वेल्स सरकारले क्षतिको आँकलन गर्न र यस विपत्तिको प्रभाव बुझ्ने कार्यलाई जारी राखेको छ," मन्त्री किङ्ले भन्नुभयो।

आपतकालीन सेवा राज्यमन्त्री जिहाद डिबका अनुसार उद्धारकर्मीले शुक्रबारदेखि समाचार तयार पार्दासम्म् करिब २०० घरपरिवारलाई उद्धार गरी सुरक्षित स्थलमा पुऱ्याएका छन्।उहाँका अनुसार करिब पाँच हजार स्वयंसेवकले रातभर काम गरेर प्रभावितलाई सहयोग गरेका थिए।राज्यका आपतकालीन आयुक्त कार्लीन योर्कले बाढी प्रभावित क्षेत्रमा बाढीजन्य जोखिमबाट बच्न नियमित सूचना जारी गरिरहेको जानकारी दिनुभयो।

जलवायु परिवर्तनले बाढी, डढेलो र चक्रवातजस्ता प्राकृतिक प्रकोपको जोखिम बढाउँछ भनेर अनुसन्धाताहरूले बारम्बार चेतावनी दिँदै आएका समय पछिल्लो डेढ बर्षमा यस क्षेत्रमा सात पटकभन्दा बढी बाढी आएको छ। अधिकारीहरूले सफाइ खर्च र आपतकालीन आवासका लागि भुक्तानीमासहयोग गर्न प्रकोप सहायता सुरु गरेका छन्।

# सिरियामा हमलापछि इजराइली दूतावासहरू सुरक्षित छैनन्

**एएफपी**

तेहरान। इरानका सर्वोच्चनेताकाएकसल्लाहकारले आइतबार सिरियामा हमलापछि इजराइली दूतावासहरू 'सुरक्षित नभएको' चेतावनी दिएका छन्। सात जना रिभोल्युसनरी गार्डका सदस्यहरू मारिने गरी सिरियाको राजधानी दमास्कसस्थित इरानी दूतावासमा भएको आक्रमणलाई लिएर तेहरानले इजराइलमाथि आरोप लगाएको छ।



Photo : AP

सर्वोच्च नेता आयातुल्लाह अली खमेनीका वरिष्ठ सल्लाहकार याह्या रहिम सफवीलाई उद्धृत गर्दै आइएसएनए समाचार एजेन्सीले भनेको छ, "यहुदी शासनका दूतावासहरू अब सुरक्षित छैनन्।"

तेहरानले सोमबार दमास्कसमा भएको हवाई हमलाको बदला लिने वाचा गरेको छ। हमलामा इरानी दूतावासको कन्सुलर खण्ड नष्ट भएको थियो भने दुई जनरलसहित इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आइआरजिसी) का सदस्य मारिएका थिए। "प्रतिरोधी मोर्चा तयार छ, यो (प्रतिक्रिया) कस्तो हुनेछ भन्नेबारे हामीले प्रतीक्षा गर्नुपर्नेछ," सफवीले भन्नुभयो, "यो क्रुर शासनको सामना गर्नु कानूनी र वैध अधिकार हो।" उहाँले यस क्षेत्रका वरपर धेरै इजराइली दूतावास 'बन्द गरिएको' बताउनुभयो।

इजराइलका तर्फबाट तत्काल कुनै टिप्पणी आएको छैन।

बेलायतस्थित युद्ध निगरानीकर्ता सिरियन अब्जर भेटरी फर ह्युमन राइट्सका अनुसार सोमबारको हमलामा १६ जना मारिएका थिए। यो एक सातामा सिरियामा पाँचौं हमला थियो। यसका लागि इजराइललाई दोषी ठहर गरिएको थियो। मृतकहरूमा जनरल मोहम्मद रजा जाहेदी र मोहम्मद हादी हाजी रहिमी पनि थिए। उनीहरू आइआरजिसीको विदेशी अपरेसन शाखा कुद्स फोर्सका वरिष्ठ कमान्डर थिए। त्रिसठ्ठी वर्षीय जाहेदीले ४० वर्षभन्दा धेरै समयको करियरमा धेरै कमान्ड सम्हालेका थिए।

सन् २०२० मा बगदाद विमानस्थलमा अमेरिकाको मिसाइल हमलामा कुद्स फोर्सका प्रमुख जनरल कासिम सुलेमानी मारिएपछि मारिएका जाहेदी सबैभन्दा वरिष्ठ इरानी सैनिक थिए। दमास्कसमा सोमबार भएको हमला गाजा युद्धको पृष्ठभूमिमा भएको थियो। अक्टोबर ७ मा इजराइलमाथि हमासबाट सुरु भएको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार एक सय ७० जनाको ज्यान गएको थियो।

तेहरानले हमासलाई समर्थन गर्दछ तर उसले हमलामा कुनै पनि प्रत्यक्ष संलग्नतालाई अस्वीकार गरेको छ। हमासको हमलापछि गाजा क्षेत्रमा हमासविरुद्ध ठूलो मात्रामा इजराइली जवाफी कारवाहीलाई जन्म दिएको छ। प्यालेस्टिनी क्षेत्रमा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार छ महिनाको युद्धका क्रममा त्यहाँ कम्तीमा ३३ हजार एक सय ७५ मानिस मारिएका छन्। इरानले इजराइललाई मान्यता दिँदैन र दुवै मुलुकले वर्षौंसम्म छायाँ युद्ध लडेका छन्। इरानले इजराइलमाथि उसको आणविक कार्यक्रमलाई निशाना बनाउँदै तोडफोड र हत्याहरूको शृंखला चलाएको आरोप लगाएको छ।

# 'रोबोट्याक्सी' सार्वजनिक गर्ने मस्कको घोषणा

**एएनआई**

टेक्सास। सामाजिक सञ्जालमार्फत टेस्ला कार उत्पादन कम्पनीका कार्यकारी प्रमुख 'एलन मस्कले' आठ अगस्टमा 'रोबोट् याक्सी' को सञ्चालन गर्ने घोषणा गर्नुभएको छ। यो टेस्लाको सबैभन्दा महत्त्वपूर्ण उत्पादनमध्ये एक हुने मस्कले बताउनुभयो।

टेस्लाले मानव नियन्त्रण नरहने कार बनाउने र टेस्ला कार सफ्टवेयरको माध्यमबाट चालकरहित सवारीलाई प्रोत्साहन गर्दै जाने मस्कले यस पहिले सन् २०१९ मा नै घोषणा गर्नुभएको थियो। कारहरूले पूर्ण किलोमिटरभन्दा बढी चल्ने र यसबाट कम्पनी र कार मालिकले प्रत्येक वर्ष ३० हजार अमेरिकी डलर बराबरको नाफा कमाउन सक्ने उहाँले बताउनुभयो।

यद्यपि कहिलेकाहीँ घोषणा गरिएका काम सोचे अनुरूप पुरा हुन नसक्ने तर यसले कुनै न कुनै दिन सार्थकता पाउनेसमेत उहाँले बताउनुभयो। "कहिलेकाहीँ मैले सोचेको काम समयमा नभए पनि मैले सोचेको कुरा कालान्तरमा टेस्ला समूहले गरेको छ," उहाँले भन्नुभयो।

उपभोक्ताहरूले 'नयाँ टेस्ला मोडल-३' कारको खरिद मूल्य ४०



रूपमा स्वायत्त ट्याक्सीको रूपमा सडकमा आवागमन गर्न र विना कुनै मानवीय सहयोग यात्रुहरूलाई ट्याक्सी चढाउने र झार्ने गर्नुका साथै राम्रो आम्दानी गर्न सक्ने उहाँले बताउनुभयो।

अप्रिल सन् २०१९ मा टेस्लाले सन् २०२० सम्ममा 'रोबोट् याक्सी' सञ्चालन गर्न थाल्ने उहाँले बताउनुभएको थियो। टेस्ला कम्पनीद्वारा उत्पादित स्वायत्त कार ११ वर्ष टिक्ने र १६ लाख हजार अमेरिकी डलरमा अतिरिक्त १२ हजार अमेरिकी डलर मूल्य थपेपछि पूर्णरूपमा स्वचालित क्षमताको कार खरिद गर्न सक्ने उहाँले बताउनुभयो। पूर्ण स्व-ड्राइभिङ क्षमता एक महिनाको १९९ अमेरिकी डलर तिरेर 'सदस्यता व्यापार मोडेल' को आधारमा खरिद गर्न सकिने उहाँले जानकारी दिनुभयो। 'सदस्यता व्यापार मोडेल अनुसार ग्राहकले उत्पादन वा सेवामा पहुँचको लागि नियमित अन्तरालमा पुनरावृत्ति मूल्य तिर्नुपर्छ।

॥ हार्दिक समवेदना ॥



जन्म
वि.स. १९९९

स्व. दु:खनी देवी

स्वर्गारोहन
वि.स. २०८०/१२/१६ गते

यस संस्था का वरिष्ट सल्लाहकार कमरेड श्री मनोज क्रांतिकारी ज्यू श्री ममतामयी प्रात: स्मरणीय माता **दु:खनी देवी**को ८१ वर्षको उमेरमा देहावसान भएको खबरले हामी मर्माहत भएका छौं। दिवंगत आत्माको चीर शान्ति को लागि माता जानकी संग प्रर्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसंतप्त परिवारजनमा धर्य धारण गर्ने क्षमता प्रदान को लागि प्रथाना गर्दैछौं।

श्री श्री १०८ श्री ईन्द्रपूजा सेवा समिति परिवार
मिल्स एरिया जनकपुरधाम, नेपाल

# थारु आवासमा पर्यटक बढ्दै

गाईघाट । दुई वर्षअघि उदयपुरको त्रियुगा नगरपालिकाका-१३ स्थित बेहडवामा सञ्चालित जिल्लाको एक मात्र थारु आवास (होमस्टे) मा अहिले दैनिक सयौँको संख्यामा पर्यटकको आगमन बढ्न थालेको छ।



मेचीदेखि महाकालीसम्म र हिमाल पहाडसहित आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको होमस्टे सञ्चालक बताउँछन्। पर्यटकको आगमन बढ्देसँगै आम्दानी पनि वृद्धि भएको व्यवसायी बताउँछन्।

गाउँलेहरुले मिलेर सञ्चालन गरेको यो सामुदायिक होमस्टेमा अलि आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्न थालेको होमस्टे सञ्चालक समितिका अध्यक्ष उतिमलाल चौधरीले बताउनुभयो । "सुरुमा आठ घरपरिवार मिलेर सञ्चालन गरेका हौँ । स्थानीय पर्यटन प्रवर्द्धन र थारु संस्कृतिको प्रचारप्रसार गर्ने लक्ष्यका साथ होमस्टे सञ्चालन गरेका हौँ", उहाँले भन्नुभयो । सुरुमा पर्यटकको आगमन न्यून रहको भन्दै पछिल्लो एक वर्षयता दैनिक सयौँको संख्यामा पर्यटक आउने गरेका चौधरीले जानकारी दिनुभयो । अहिले पर्यटकको प्रभावकारी व्यवस्थापन गर्न निकै चुनौती बन्न थालेको उहाँको भनाइ छ।

अध्यक्ष चौधरीका अनुसार नेपालको पश्चिम महाकालीदेखि तराई तथा काठमाडौँ र पूर्वी नेपालका साथै भारतको बिहार दार्जिलिङ, सिलीगुढी, कालिम्पोङसम्मका पर्यटक होमस्टेमा बस्नका लागि आउने गरेको समितिका सदस्य नन्दु चौधरीले बताउनुभयो । समितिका लेखा प्रमुख प्रभा चौधरीका अनुसार अहिले होमस्टेमा एकसाता अगाडिदेखि सबै कोठा बुकिङ हुन थालेका छन् । बाहिरबाट आउनेले एकसाता पहिला नै सूचनामार्फत कोठा लिने गरिरहेका उहाँको भनाइ छ । होमस्टेमा दैनिक न्यूनतम रु ५० हजारभन्दा बढीको आर्थिक कारोबार हुने गरेको उहाँले जानकारी दिनुभयो।

थारु संस्कृतिमा आधारित खानाको परिकार, पहिरन र आगन्तुकलाई गरिने स्वागतसहितको व्यवहारले पर्यटक आकर्षित हुँदै गएका स्थानीय दुर्गानन्द चौधरीले बताउनुभयो । होमस्टे सञ्चालन गरेको छोटो समयमा यहाँ पर्यटनको आगमन बढेको भन्दै यसले रोजगारी सिर्जना हुनुका साथै आर्थिकस्तर वृद्धि गरेको त्रियुगा नगरपालिकाका मेयर वसन्त बस्नेतले बताउनुभयो। यहाँ सञ्चालित होमस्टेका कारण आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुग्न थालेको उहाँको भनाइ छ।

पाहुनालाई एक किलोमिटर परबाट नै थारु परम्पराको बयलगाडामार्फत यात्रा गराएर होमस्टेमा प्रवेश गराउने भएकाले पर्यटकलाई सुरुआतदेखि नै मनोरञ्जन प्राप्त हुने उदयपुरका पर्यटन व्यवसायी जीतु रैलाले बताउनुभयो । यहाँ सञ्चालित होमस्टेले पर्यटन प्रवर्द्धनमा र विकास टेवा पुऱ्याएको भन्दै पर्यटन बोर्डले हालै पुरस्कृतसमेत गरेको छ ।रासस

# बढ्यो नेप्से परिसूचक




काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार हरियाली देखिएको छ। परिसूचक २२ दशमलव ७५ अङ्क अर्थात् एक दशमलव १३ प्रतिशतले बढेर दुई हजार २६ अङ्कमा पुगेको छ।

आइतबार विभिन्न कम्पनीका एक करोड १२ लाख १० हजार एक सय दुई कित्ता शेयर ६४ हजार दुई सय २१ पटक खरिदबिक्री हुँदा रु चार अर्ब २५ करोड ६६ लाख ७६ हजार तीन सय ३३ दशमलव ५६ मा कारोबार भएका छन् । आइतबारको कारोबारपछि बजार पुँजीकरण रु ३२ खर्ब १३ अर्ब ७६ करोड २२ लाख ३३ हजार चार सय १७ पुगेको छ। होटल र पर्यटन समूह र ट्रेडिङ समूहको सूचकमा सामान्य गिरावट देखिए पनि अन्य समूहको सूचकमा भने हरियाली छाएको छ। आइतबार वित्त समूह पाँच दशमलव ९५ प्रतिशत, विकास बैंकको सूचक तीन दशमलव १६ प्रतिशतले उकालो लागेको छ।

आइतबारको कारोबारमा विभिन्न चार कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । जसमा नेपाल फाइनान्स लिमिटेड, पोखरा फाइनान्स लिमिटेड, जानकी फाइनान्स कम्पनी लिमिटेड र गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेड छन् । मानुसी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ । त्यसैगरी तारागाउँ रिजेन्सी होटल लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ भने कालिका लघुवित्त वित्तीय संस्थाको चार दशमलव ३५, ग्लोबल आईएमई ब्यालेन्सड फन्ड-१ को तीन दशमलव १० र सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीको शेयर मूल्य दुई दशमलव ७६ प्रतिशतले घटेको छ ।रासस

# हेटौँडा सिमेन्टबाट उत्पादन सुरु हुन अझै एक हप्ता लाग्ने

मकवानपुर । हेटौँडा सिमेन्ट उद्योगले सिमेन्टको उत्पादन सुरु गर्न अझै एक हप्ताको समय लाग्ने भएको छ । करिब दुई हप्ताअघि उक्त उद्योगका केही उपकरण बिग्रिएर मर्मत सम्भार गर्न उत्पादन कार्य बन्द गरिएको थियो।




अहिले विभिन्न उपकरणको मर्मत सम्भार गरिने भएकाले तत्काल कोइलाको अभावका कारणबाट उद्योग सञ्चालनमा ल्याउन कठिनाइ उत्पन्न भएको छ । सो उद्योगले अहिले रकम जुटाएर कोइला खरिद गर्न बोलपत्र आह्वान गरी थप कोइला ल्याउने कार्य भइरहेको उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले जानकारी दिनुभयो।उहाँका अनुसार उद्योगमा अहिले एक हजार आठ सय मेट्रिकटन कोइला रहेको छ। कोइला पर्याप्त ल्याइसकेपछि आगामी वैशाखको पहिलो हप्ताबाट सिमेन्ट उत्पादन सुरु गर्ने तयारी भइरहेको पनि महाप्रबन्धक पाण्डेले उल्लेख गर्नुभयो।

हाल सो उद्योगलाई आश्यक पर्ने कच्चापदार्थ चुनढुङ्गा धादिङका जोगीमारा, मकवानपुरको भैँसे खानीबाट दैनिक ढुवानी गरी ल्याइरहेको सो उद्योगका नायव महाप्रबन्धक नवीनकुमार कर्णले बताउनुभयो। अहिले सो उद्योगमा सिमेन्ट प्याकिङको कार्य भइरहेको छ। करिब दुई लाख ७५ हजार बोरा सिमेन्ट काठमाडौं, भैरहवा, काठमाडौँ, नेपालगञ्जलगायत विभिन्न सहरमा आपूर्ति गर्ने क्रममा उद्योगबाट कर्मचारी खटाइएको उद्योगका महाप्रबन्धक कर्णले जानकारी दिनुभयो।

सो उद्योगमा साविक सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भएता पनि अहिले दैनिक १० हजार बोरा मात्रै उत्पादन रहेको छ । तत्कालीन सरकारले विसं २०३३ वैशाखमा हेटौँडाको लामसुरेस्थित उक्त उद्योगको स्थापना गरिएको थियो । तत्कालीन सरकारको रु एक अर्ब ५० करोडको लगानीमा सो उद्योगको स्थापना गरी विसं २०४३ मङ्सिर २६ गतेबाट व्यावसायिक रुपमा सिमेन्टको उत्पादन गरिएको थियो ।रासस

# बिक्न छाडे चोयाका सामग्री

ढोरपाटन । निसीखोला गाउँपालिका-६ का भुमबहादुर बुढामगरले ३३ वर्षदेखि चोयाबाट सामग्री बुन्दै आउनुभएको छ । घर नजिकैको जङ्गलमा प्रसस्त चोया पाइने हुँदा डोको, नाङ्लो र डालो बुन्न उहाँले सानैबाट सिक्नुभयो । बाउ बाजेले बुनेको देखेर सिक्नुभएका बुढामगरले अहिले पनि यो कामलाई निरन्तरता दिनुभएको छ। हिँजोआज चोयाका सामग्री बिक्री हुन छाडेपछि उहाँमा त्यत्ति जाँगर छैन।



एक दशक अगाडिसम्म चोयाका सामग्री नै बेचेर परिवार चलाउँदै आउनुभएका भुमबहादुर अहिले पेसा परिवर्तन गर्ने सोचमा हुनुहुन्छ । बजारमा आएका प्लास्टिकका सामानले चोयाका सामग्री प्रयोग हुन छाडेपछि के पेसा अङ्गाल्ने होला भन्ने चिन्ता उहाँलाई छ।

पहिले-पहिले गाउँमा किलोग्राममा किनबेच हुँदैनथ्यो । माना, पाथीका हिसाबले अन्नपात किनबेच गरिन्थ्यो। पछिल्लो समय माना पाथीको प्रचलन हराउँदै गएका छन्। बजारमा प्लास्टिकका डालो, नाङ्ला आउन थालेपछि धेरैको रोजाइमा चोयाका सामग्री पर्न छाडे। मेला महोत्सवका बेला टाढा पुगेर डाला नाङ्ला बच्ने गरे पनि अचेल व्यापार कम हुन हुँदा उहाँ धेरै टाढा पुग्नु हुन्न । गाउँ घरमा पनि बजारबाटै ल्याएका प्लास्टिकका सामान प्रयोग हुन थालेका छन्। त्यसले मौलिक सीप विस्थापित हुने स्थितिमा पुगेको छ । आधुनिक प्रविधिको बढ्दो विकासका कारण पछिल्लो समय आफ्नो उत्पादनले बजार पाउन छाडेको बुढामगरले बताउनुभयो। सात वर्ष अगाडिसम्म निकै बिक्री हुने डालो पछिल्लो समय यसको लोकप्रियता कम हुँदै गएको उहाँको भनाइ छ।

बजारमा नयाँ-नयाँ प्रविधिका नापतौलका सामग्री आएपछि आफूहरुले बुनेका डालो नाङ्लोले बजार पाउन छोडेको बुढामगर बताउनुहुन्छ। परम्परागत नापतौल गर्ने तुलका रुपमा प्रयोग हुने माना, पाथी आजभोलि किलो र लिटरमा परिवर्तन भएको भन्दै गाउँकै मान्छेले डाला नाङ्ला कम प्रयोग गर्ने उहाँको भनाइ छ।

तमानखोलाका मीनबहादुर घर्तीले पनि आफ्नो सीपले बजार पाउन छाडेको गुनासो गर्नुभयो । एक दशक अगाडिसम्म चोयाका सामग्री धेरै बिक्री हुने गरेको भन्दै पछिल्लो समय महिनामा पाँच हजार पार्न पनि मुस्किल पर्ने उहाँ बताउनुहुन्छ। उहाँले पहिले डोको, नाङ्लो र डालो बेचेर महिनामै रु ३० हजारभन्दा बढी कमाइ गरेको सुनाउनुभयो । धेरै जसो मान्छेले बजार बस्न थालेपछि गाउँमा उत्पादन हुन सामान प्रयोग गर्न छाडेको उहाँले बताउनुभयो।

उहाँले अहिले पर्याप्त मात्रामा चोयासमेत अभाव हुँदै गएको बताउनुभयो । वनमा निगाँलो मासिँदै गएपछि डालो नाङ्लो बुन्ने प्रचलनसमेत घट्दै गएको उहाँको भनाइ छ। "पहिले-पहिले गाउँमा धेरै मान्छे हुन्थे, वन जङ्गल जाने, घाँस दाउरा गर्ने चलन थियो, बारीमा धान, गहुँ, मकै उत्पादन गर्ने ठूलो ठूलो डालो र भकारीमा राख्ने चलन थियो, अहिले त गाउँमा मान्छे कम छन्, घाँस दाउरा गर्न छाडे, खेतीपाती पनि कमले गर्छन् पहिलेको जस्तो डालो नाङ्लोको आवश्यक कम पर्छ", उहाँले भन्नुभयो, "पहिले यस्ता सामग्रीको धेरै खाँचो हुन्थ्यो, धेरैले सिकेर बुन्थे पनि तर अहिले त बुन्ने मान्छे पनि कम हुँदै गए, हाम्रो समाजले आफ्नो मौलिकतालाई चिन्न छोड्यो।"रासस

# प्याजखेतीप्रति बढ्दो आकर्षण



डोटी । डोटीमा प्याजखेतीप्रति किसानको आकर्षण बढ्न थालेको छ। जिल्लाका विभिन्न स्थानका किसानले मा प्याजखेती गरिरहेका छन् । शिखर नगरपालिका-३ सालाखर्कस्थित तुलसीगण्यानीमा सोही ठाउँका सकराम महराले २० रोपनी जमिनमा प्याजखेती गर्नुभएको छ।

विसं २०६१ देखि कृषिकर्म गरिरहनुभएका ६१ वर्षीय महराले गत वर्ष आठ रोपनीमा प्याजखेती गर्नुभएको थियो। कृषि ज्ञान केन्द्र डोटीबाट सिँचाइका लागि पाइप र बीउ पाएपछि यो वर्ष प्याजखेती विस्तार गरेको उहाँले बताउनुभयो।

बीस रोपनी जमिनमा विभिन्न चरणमा चार किलो प्याजको बीउ रोपिएको महराले बताउनुभयो। "बीउ फरक-फरक समयमा राखेको थिएँ, त्यसरी नै फरक समयमा सबै जमिनमा प्याज रोपिएको हो । प्याज रोप्न ५५ दिन बराबर ज्यालामा स्थानीयलाई काम लगाएको छु, महराले भन्नुभयो ।" एक दिन काम गरेबापत एक जनालाई आठ केजी प्याज दिने सहमति भएको उहाँले बताउनुभयो । उहाँले सिजनमा रु २५ देखि ३५ प्रतिकिलो र बेसिजनमा रु ४५ देखि ८० प्रतिकिलोका दरले प्याज बिक्री गर्दै आउनुभएको छ । प्याज उत्पादन गर्नुभन्दा पनि बिक्री गर्न समस्या हुने गरेको महरा बताउनुहुन्छ। उहाँले भन्नुभयो, "सिजनमा भनेको मूल्य पाइँदैन, बेसिजनमा बेच्दा मूल्य पाइन्छ तर प्याज जोगाउन गाह्रो हुन्छ, प्याज भण्डारणका लागि कुनै व्यवस्था नहुँदा धेरैजसो प्याज बिग्रिएर जाने गरेको छ।"

महराले यस वर्षदेखि प्याजको बीउ पनि उत्पादन गर्न सुरु गर्नुभएको छ । पहिलोपटक एक सय ५० गाना प्याज बीउँका लागि रोपिएका छन् । महराले गरेको प्याजखेती सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाकै नमूना रहेको कृषि ज्ञान केन्द्र डोटीका निमित्त कार्यालय प्रमुख गङ्गादत्त अवस्थीले बताउनुभयो । महराले गरेको प्याजखेतीबाट आफू प्रभावित भएपछि उहाँलाई प्रोत्साहनस्वरूप ज्ञान केन्द्रबाट बीउ र सात सय मिटर ३२ एमएमको सिँचाइ पाइप सहयोग गरिएको अवस्थीले बताउनुभयो। महराले प्याज रोपेको जमिनबाट करिब दुई क्विन्टल प्याज उत्पादन हुने अनुमान गरिएको उहाँले बताउनुभएको छ। किसानले फलाएका प्याजको बजारीकरण गर्न व्यापारीसँग समन्वय गरिरहेको पनि अवस्थीले जानकारी दिनुभयो।

यसैगरी, बोगटान फुड्सिल गाउँपालिका-१ का यम बमले १० रोपनी जमिनमा प्याजखेती गर्नुभएको छ। उहाँले काटैस्थित मौडामा प्याजखेती गरिरहेको बताउनुभयो । उषा बहुउद्देश्यीय कृषि तथा पशुपक्षी फार्म खोलेर कृषि पेशा गरिरहनुभएका बमले तीन वर्षदेखि प्याजखेती गर्न थाल्नुभएको हो। बमले थप ४० रोपनीमा प्याजखेती गर्ने सोच बनाएको बताउनुभयो।

दिपायल सिलगढी नगरपालिका-२ पन्तोलाका ध्रुव मलासीले पनि प्याजखेती गर्नुभएको छ। उहाँले छ रोपनी जमिनमा प्याज र दुई रोपनीमा लसुन लगाएको राससलाई बताउनुभयो । लसुनप्याज बेचेर गर्जो टार्न सकिने भएकाले यसतर्फ आफू आकर्षित भएको उहाँले सुनाउनुभयो। रासस

# दूध र गोबर बेचेर मासिक एक लाख ५० हजार

गोदावरी। धनगढी उपमहानगरपालिका-३ विशालनगरमा रहेको कृष्ण-मोहन गौशालाले मासिक रु एक लाख ५० हजारभन्दा बढी आम्दानी गर्दै आएको छ। सामुदायिक रूपमा सञ्चालित गौशालाले दूध र गोबरबाट आम्दानी उक्त रकम कमाएको हो। गौशालामा सात जनाले रोजगारी पनि पाएका छन्।

विसं २०७५ वैशाखदेखि सञ्चालनमा आएको गौशालामा अहिले एक सय ११ गाई छन्। गौ संरक्षण सेवा समिति गठन गरेर छाडा छाडिएका गाई पाल्न सुरु गरिएको गौशाला सुदूरपश्चिम सरकार, धनगढी उपमहानगरपालिका र स्थानीय चन्दादाताबाट रकम सङ्कलन गरेर स्थापना गरिएको हो।

धनगढी उपमहागरपालिका-३ स्थित शान्ति सामुदायिक वनले उपलब्ध गराएको करिब एक बिघा जमिनमा गौशाला सञ्चालित छ। सुरुमा चन्दाबाट चलाइएको गौशालाले अहिले दूध र गोबरबाट आम्दानी लिन थालेको गौशालाकी प्रबन्ध निर्देशक रीता अवस्थीले बताउनुभयो ।निर्देशक अवस्थीका अनुसार गौशालामा दैनिक २५ लिटर दूध बिक्रीबाट मासिक रु ६७ हजार पाँच सय गोबर बिक्रीबाट मासिक रु ५० हजार र गौदानबाट रु २५ हजार आम्दानी भइरहेको छ। सो आम्दानीबाट सात कर्मचारीलाई वर्षभरि रोजगारी दिन सफल भएको उहाँले बताउनुभयो।

सडकमा छाडिएका गाईको दयनीय अवस्था देखेर स्थानीय भोजराज पाठकको अध्यक्षतामा गौ संरक्षण सेवा समिति गठन गरी गौशाला निर्माण र गाईको आहाराको व्यवस्था गर्न धनगढीका विभिन्न ७० जनाले दानस्वरुप रकम उपलब्ध गराएका थिए।

चन्दादाताबाट प्राप्त रकमले गाईको आहार व्यवस्थापन हुँदै आएको छ। गौशालामा भौतिक संरचना निर्माण गर्न प्रदेश सरकारबाट रु ४० लाख, धनगढी उपमहानगरपालिकाबाट रु १० लाख र तत्कालीन प्रदेशसभा सदस्य डिल्लीराज पन्तबाट रु आठ लाख बजेट उपलब्ध भएको जनाइएको छ ।रासस

# किसानलाई हिउँदे बाली भित्र्याउने चटारो

दाङ । अहिले गर्मीको मौसम छ । कोही खेतबारीमा गहुँ काटिरहेका छन्, कोही घरमा चना, मसुरोलाई दाइँ लगाइ रहेका छन् भने कोही टाउकोमा बोकेर तोरी घरतर्फ ल्याइरहेका देखिन्छन् । अहिले यो दृश्य यहाँका खेतबारीमा काम गर्ने किसानको हो । उनीहरुलाई यतिबेला तोरी, गहुँ, मसुरो, चनालगायत हिउँदे बाली भित्र्याउन चटारो परेको छ।



यसपटक दाङमा हिउँदमा खासै पानी परेन । अहिले खेतमा गहुँ, चना, मसुरो पाकेकाले काट्न सुरु गरिएको दङ्गीशरण गाउँपालिका-३ की ४२ वर्षीया मैती चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, "बाली भित्र्याउने बेला पानी पर्छ कि भन्ने डरले चर्को गर्मीमा पनि बाली भित्र्याउने हतार छ। पानी परेर भिज्यो भने वर्षभरिको मेहनत खेर जान्छ।" उहाँले दुई बिगा जमिनमा गहुँ, एक बिघामा हिउँदे तोरी, १० कठ्ठामा मसुरो र पाँच कठ्ठामा चना खेती गरेको बताउनुभयो।

तुलसीपुर उपमहानगरपालिका-१० गोलौरीकी ४५ वर्षीया सरस्वती कुँवरले केहिले बादल, कहीले गर्मी भइराखेको भन्दै एक्कासी पानी पर्‍यो भने खेतबारीमा उत्पादन भएको अन्नबाली नष्ट हुने बताउनुभयो । पानी पर्यो भने बाली स्याहार्न समस्या होला भनेर दिनभरि खेतमा काम गरिरहेको उहाँले बताउनुभयो । "बाली भित्र्याउने बेलामा एक्कासी पानी पऱ्यो भने नोक्शानी हुन्छ। त्यसैले हतारमा बाली भित्र्याइरहेका छौँ", उहाँले भन्नुभयो।

केही दिनदेखि यहाँको मौसममा बदली भई बादल लाग्ने र घाम लाग्ने भइरहेको छ। हिउँदभरि स्याहार गरेर जोगाएको अन्न पानी परेपछि कुहिने हो की भन्ने डर रहेको तुलसीपुर-६ की प्रमिला चौधरीले बताउनुभयो । "हाम्रो छ महिनाको मेहिनत हो । पानी परे कुहिन्छ की भन्ने डर पनि छ", उहाँले भन्नुभयो।

दाङ तोरी उत्पादनका हिसाबले उत्तम जिल्ला मानिन्छ। जिल्लामा दुई सिजनमा तोरीखेती गरिँदै आइएको छ । करिब १७ हजार हेक्टर क्षेत्रफलमा तोरीखेती हुने दाङमा वर्षेनी २५ हजार मेट्रिकटनको हाराहारीमा उत्पादन हुने गर्छ । जिल्लामा हाल दङ्गीशरण, शान्ति नगर र बवइलगायतमा तोरी उत्पादन हुने जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएकोछ ।केन्द्रका अनुसार जिल्लामा १२ हजार हेक्टरमा गहुँ खेती हुँदा ३० हजार मेट्रिकटनको हाराहारीमा उत्पादन हुन्छ भने २७ हजार छ सय हेक्टर जमिनमा मसुरो खेती हुँदा २० हजार एक सय मेट्रिकटन उत्पादन भइरहेको छ ।रासस


## गुठी संस्थान
### शाखा कार्यालय, जनकपुरधाम

**हाट बजार ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरिएको १५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/१२/२६

यस संस्थानको पूर्ण स्वामित्वमा रहेको .ज.उ.म.न.पा वडा नं.१२ सिट नं.१४३६-११ कि.नं.१९ को क्षेत्रफल १-५-७-० ऐ. ऐ. सिट नं.१४३६-११ कि.नं.३५ को क्षेत्रफल ०-१०-१४-०सिट नं.१४३६-१२ कि.नं.३०८ को क्षेत्रफल ०-१-५-० समेतका गुठी तैनाथी जग्गा जसमा हाल कुवा हाट बजारको नाममा संचालन भैरहेको बजार स्थल ५(पाँच) बर्षका लागि बहाल ठेक्कामा व्यबस्था गर्नुपर्ने भएकोले इच्छुक ब्यक्ति, संघ संस्था वा कम्पनीहरुबाट बोलपत्र पेश गर्न यो सार्वजनिक सूचनाप्रकाशित गरिएको छ।

| सि.नं | जिल्ला | न.पा. | वडा | हाट बजारको नाम | न्यूनतम बार्षिक ठेक्का रकम |
|---|---|---|---|---|---|
| १ | धनुषा | ज.उ.म.न.पा | १२ | कुवा हाट बजार | रु.१०,७२,५००।०० |

**शर्तहरू**
१. बोलपत्र फाराम रु.५०००।-(पाँच हजार) मात्र नगद बुझाई पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ।
२. सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र आफूले लिन चाहेको दर उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।दर्ता भएको गोप्य बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ।
३. अन्य थप जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क सकिने छ। सम्पर्क नं.०४१-५९०२८१

# अर्थमन्त्री पुनद्वारा भन्सार कार्यालय निरीक्षण

**टुडे समाचारदाता**

वीरगञ्ज । अर्थमन्त्री वर्षमान पुन अनन्तले वीरगञ्ज भन्सार कार्यालयको निरीक्षण गरेका छन् । कर राजश्वको ४० प्रतिशत हिस्सा ओगट्दै आएको वीरगञ्ज मुलुकको प्रमुख भन्सार नाका रहेको छ ।



निरीक्षणपछि भन्सार कार्यालयमा मन्त्री पुनले राजश्व चुहावट नियन्त्रण समितिको बैठक राखेका थिए । बैठकमा अर्थ मन्त्रालयका सचिव (राजश्व) डा. रामप्रसाद घिमिरे, भन्सार विभागका महानिर्देशक ढुण्डीप्रसाद निरौला, आन्तरिक राजश्व विभागका उपमहानिर्देशक सेवन्तक पोखरेल, वीरगञ्ज भन्सारका प्रमुख डिलाराम पन्थी, बारा, पर्सा र रौतहटका प्रमुख जिल्ला अधिकारी तथा प्रहरी र सशस्त्र प्रहरी प्रमुखलगायत सहभागिता रहेको थियो ।

मन्त्री पुनले चोरी पैठारी नियन्त्रण गरी राजश्व चुहावट नियन्त्रण गर्न सम्बद्ध अधिकारीलाई बैठकमा निर्देशन दिए । चौरी पैठारी नियन्त्रण गर्दा राम्रा र वैध बाटोबाट काम गर्ने व्यवसायीलाई फाइदा पुग्ने र खराब प्रवृत्तिकाहरु दण्डित हुने उनले बताए ।

चालु आर्थिक वर्षको ८ महिना सकिनै लाग्दा राजश्व संकलनको अवस्था उत्साहजनक नरहेको भन्दै मन्त्री पुनले सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गर्न र स्थानीयलाई विश्वासमा लिन कर्मचारीलाई निर्देशन दिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भएको छलफलमा आफू र उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले दुई मन्त्रालय र मातहत निकायबीच समन्वयात्मक ढंगले काम गर्ने प्रतिबद्धता जनाएको राजश्व चुहावट नियन्त्रणबारे समन्वयमा काम गर्ने सहमति भएको उनले स्पष्ट पारे । भन्सारबाट हुने चोरी निकासी नियन्त्रण गर्दा उद्योगी व्यवसायीलाई त्यसबाट पुग्ने फाइदाबारे अवगत गराउन आग्रह गरे ।

सीमा क्षेत्रमा चोरी पैठारी रोक्न भन्सार कर्मचारी, प्रहरी, सशस्त्र प्रहरी र स्थानीय जनप्रतिनिधि मिलेर सीमा क्षेत्रका सर्वसाधारणलाई रोजगारी दिने र जनचेतना अभिवृद्धि गर्न सकिने विकल्प मन्त्री पुनले सुझाव दिए ।

चोरी पैठारीबाट राज्यलाई राजश्व संकलनमा नोक्सान हुने मात्र नभइ त्यसबाट प्राप्त हुने इजी मनीले समाजमा अपराधलाई प्रोत्साहित गर्ने भएकाले आर्थिक र सामाजिक क्षति घटाउन जसरी पनि चोरी पैठारी नियन्त्रण गर्नै पर्नेमा मन्त्री पुनले जोड दिए । चोरी पैठारी नियन्त्रणमा काम गर्ने कर्मचारी, प्रहरी र सशस्त्र प्रहरीलाई साधन श्रोत सम्पन्न बनाउन मन्त्रालयका तर्फबाट गर्नु पर्ने काममा कुनै कमी नहुने प्रतिबद्धता व्यक्त गरे ।

चुहावट नियन्त्रण समितिको बैठक पछि मन्त्री पुनले वीरगञ्ज भन्सार कार्यालय, भन्सार कार्यालय गौर, आन्तरिक राजश्व कार्यालय समिरा र वीरगञ्ज तथा वीरगञ्ज सुख्खा बन्दरगाहका कार्यालयका कर्मचारीलाई निर्देशन दिए ।

# मधेश सरकारद्वारा औद्योगिक ग्राम स्थापना योजना

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आर्थिक विकास समृद्धि तथा रोजगारको वातावरण निर्माणको लागि १३ स्थानमा औद्योगिक ग्राम स्थापना गर्ने योजना अघि सारेको छ ।



पछिल्लो समय मधेश प्रदेशमा विभिन्न कारणले उद्योगहरु बन्द भइरहेको समस्यालाई समाधान गर्न नयाँ तथा साना उद्योगलाई प्रोत्साहन गर्ने योजना प्रदेश सरकारले अघि सारेको छ ।

मधेश प्रदेशकी उद्योग पर्यटन तथा वातावरण मन्त्री सुनिता यादवले प्रदेशमा रहेका साना तथा मझौला उद्योगहरुको संख्या बढी रहेको र उद्योगहरुको सम्भवना पनि प्रदेशमा अधिक रहेकाले प्रदेश सरकारले औद्योगिक ग्राम स्थापना गर्ने योजना लिएको बताइन् ।

औद्योगिक ग्राम स्थापनाका लागि संघीय सरकारसँग समन्वय गरी प्रदेशका विभिन्न १३ स्थानामा औद्योगिक ग्राम स्थापना गर्ने योजना रहेको मन्त्री यादवले बताइन् । आर्थिक मन्दी तथा कोरोनाको कारण गत आर्थिक वर्ष ०७९/०८० धनुषा जिल्लामा ७१ वटा घरेलु तथा साना उद्योग बन्द भएको छ । जसका कारणले १० हजारभन्दा बढी कामदारहरु बेरोजगार देखिन्छन् । बन्द उद्योगमा लघुउद्योगतर्फ २८, साना उद्योगतर्फ ४२ र घरेलु उद्योगतर्फ एक वटा गरी धनुषामा ७१ वटा उद्योगहरु बन्द अवस्थामा रहेको छ । अघिल्लो आर्थिक वर्षमा मधेश प्रदेशमा साना उद्योग ५३६, लघु उद्योग ५५१ र घरेलु उद्योग एक गरी एक हजार २ सय २८ उद्योग दर्ता भइ सञ्चालनमा रहेको जनाएको छ । ती उद्योगहरुको स्थिर र चालु पूँजी ३ अर्ब ५५ करोड ४२ लाख रुपैयाँ रहेको छ ।

स्थानीय कच्चा पदार्थमा आधारित यस्ता उद्योगको विकास र प्रवर्द्धन गर्नका लागि प्रदेश सरकारले नीतिगत रुपमै प्राथमिकतामा राख्ने योजना अघि सारेको छ ।

# दिनमै साढे १५ लाख लुटियो



**टुडे समाचारदाता**

लहान । सिरहा जिल्लामा दिनमै साढे १५ लाख रुपैयाँ लुटिएको छ । बैंकबाट मनी ट्रान्सफर कम्पनीले छुटाएको साढे १५ लाख रुपैयाँ लुटिएको प्रहरीले जनाएको छ ।

सिरहा जिल्लाको सदरमुकाम सिरहा नगरपालिकाबाट नै हतियारधारी समूहले नगद लुटेर फरार भएका छन् । सदरमुकाममा रहेको ग्लोबल आईएमई बैंकबाट आइतबार बिहान ११ बजेको समयमा विष्णुपुरमा सञ्चालित शिव मनी ट्रान्सफरका लागि रुपैयाँ छुटाएर लग्ने क्रममा लुटिएको बताइएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट मुस्किलले ५ सय मिटरको दुरीमा बिहान ११ बजे रुपैयाँ लुटेर हतियारधारी समूह फरार भएको हो । मनीट्रान्सफर कम्पनीका कर्मचारी पुरुषोत्तम यादवले लिएर जाँदै गरेको उक्त रकम भारतीय मोटरसाइकलमा आएका हतियारधारी समूहले लुटेका छन् ।

विष्णुपुर गाउँपालिका १ बस्ने कुशेश्वर यादवले शिव मनी ट्रान्सफर सञ्चालन गर्दै आएको मनी ट्रान्सफरको रकम रहेको बताइएको छ । यादवले दिएका बयान अनुसार लुटेरामध्ये मोटरसाइकल चलाउनेले क्रिम कलरको र पछाडि बस्नेले रातो रङ्गको कपडा लगाएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी प्रवक्ता समेत रहेका डीएसपी मुक्तिनाथ सापकोटाले बताए ।

भारतीय नम्बरको मोटरसाइकलमा आएका लुटेराहरूले स. ९ प ६३१० नम्बरको मोटरसाइकलमा रकमसहित आइरहेका पुरुषोत्तम यादवलाई हतियार देखाएर नगद सहित २ थान ग्लोबल आईएमई बैंकको र ३ वटा राष्ट्रिय वाणिज्य बैंकको खाली चेक र मोबाइल समेत लुटेर लगेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

भारततर्फ भागेको हुन सक्ने प्रहरीको आशंका छ । उनीहरूको खोजी कार्य तथा थप अनुसन्धान भइरहेको जिल्ला डीएसपी सापकोटाले बताए ।

उनले थप विवरणहरू संकलन भइरहको बताउँदै घटनाबारे थप अनुसन्धान भइरहेको जनाएका छन् । रकम लुटेर भाग्नेको खोजीका लागि सीमानाकामा रहेका प्रहरी चौकीहरुलाई सतर्क गराइएको उनले बताए ।

विगतमा पनि सिरहा जिल्लामा मनी ट्रान्सफरको रुपैयाँ लुटिएको घटनाहरु भएका छन् । तर त्यस घटनामा संलग्नहरु हालसम्म प्रहरीको पहुँच भन्दा बाहिर नै रहेको छ ।

सिरहा सदरमुकाम समेत भारतको जयनगरसित जोडिएको छ । मधेश प्रदेशमा सर्वाधिक तस्करी हुने जिल्लाहरु मध्ये सिरहा पनि पर्छ । लागूऔषध, सुन र लत्ताकपडाको तस्करीका लागि सिरहा जिल्ला कुख्यात छ ।

# पीडितद्वारा अदालतको निर्णयविरुद्ध प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । पीडितद्वारा उच्च अदालत जनकपुरले गरेको कर्तव्यज्यान मुद्दाको फैसलाविरुद्ध अदालत अगाडि प्रदर्शन गरेका छन् ।



धनुषाको सबैला नगरपालिकास्थित मदन आश्रित निम्न माध्यमिक विद्यालयको व्यवस्थापन समिति गठनको क्रममा २०७१ साल चैत ८ गते भएको घटनामा उच्च अदालत जनकपुरले प्रतिवादीहरुलाई सफाइ दिएपछि पीडित पक्षले असन्तुष्टि जनाउँदै आइतबार अदालत अगाडि प्रदर्शन गरेका छन् ।

धनुषा जिल्ला अदालतबाट जन्मकैदको सजाय पाएका ३ जना र १ वर्षको कैद सजाय पाएका र बाँकी प्रतिवादीहरुलाई अदालतले सफाइ दिएपछि पीडित पक्षले फैसलाप्रति असन्तुष्टि पोख्दै फैसलाविरुद्ध प्रदर्शन गरेका छन् ।


उच्च अदालत जनकपुर इजलाश नम्बर ४ का न्यायाधीश किरणकुमार पोखरेल र ओमप्रसाद अर्यालले संयुक्तरुपमा फैसला गरेको थियो । जिल्ला अदालतले गरेको फैसलालाई उल्ट्याएर उच्च अदालतले गरेको फैसलाले हामीलाई झनै पीडित बनाएकाले आफूहरुले न्याय पाउनुपर्ने माग गर्दै प्रदर्शन गरेको पीडित सञ्जीव राउत गडेरीले बताए ।

यसअघि घटनामा मारिएका रामसेवक राउतका छोरा संजीव राउत गडेरी र सोही घटनामा घाइते भएका रामसागर साहले अदालत परिसरमै फैसलाबिरुद्ध नारावाजीसमेत गरेको थिए । नारावाजी गरेको आरोपमा राउत र सोही घटनामा घाइते भएका साहलाई तत्कालै पक्राउ गरी अदालतले अवहेलना मुद्दामा तीन /तीन हजार रुपैयाँ धरौटी लिइ पेसी तोकी छाडेको थियो ।

गत चैत २२ गते जिल्ला अदालत धनुषाबाट जन्मकैदको सजाय पाएका महेन्द्र यादव, महेश यादव र रासविहारी भन्ने लालविहारी यादव सहितलाई कैद सजाय दिएको थियो ।

सबैला नगरपालिका १ स्थित मदन आश्रित निम्न माध्यमिक विद्यालय व्यवस्थापन समिति गठन विवादमा २०७१ साल चैत ८ गते राति घेरा हाली प्रतिवादीहरुले स्थानीय रामसेवक राउत गडेरी र रामप्रकाश यादवको हत्या गरेको आरोप छ ।

# निर्माण व्यवसायी संघमा पुनः चौधरी



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्माण व्यवसायी संघको अध्यक्षमा पुनः अशोक चौधरी निर्वाचित भएका छन् । संघको भएको निर्वाचनबाट चौधरीले २ सय ३९ मत ल्याई निर्वाचित भएका छन् ।

उनका निकटतम प्रतिद्वन्द्वी रमेश कुमार यादवले लोकप्रिय १ सय ७५ मत पाएका थिए ।

त्यस्तै उपाध्यक्षमा जय प्रकाश साह (पप्पु), महासचिवमा रुपेश सिंह मुन्ना, सचिवमा मनोज कुमार साह र कोषाध्यक्षमा लक्ष्मण कुमार यादव निर्वाचित भएका छन् । सदस्यहरुमा राजिव कुमार साह, दिपक यादव, कमलेश कुमार जयसवाल निर्वाचित भएका छन् ।

# एमाले बाराको अध्यक्षमा पाण्डेय निर्वाचित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमाले बारा जिल्लाको अधिवेशनबाट अध्यक्षमा अध्यानन्द पाण्डेय निर्वाचित भएका छन् । उनी आफ्ना प्रतिद्वन्द्वी टिना सुवेदीलाई ३४ सय ७७ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी सुवेदीले ३ सय ४३ मत ल्याइन् ।

त्यस्तै उपाध्यक्षमा ३ सय ६४ मतका साथ भुलन चौधरी, सचिवमा अमृत शर्मा बजगाईं, उपसचिवमा जवाहिर अन्सारी,



मतले पछि पार्दै विजयी भएका छन् ।

निर्वाचित अध्यक्ष पाण्डेयले ३ महिला उपसचिवमा भावना आचार्य निर्वाचित भएको जनाइएको छ ।

# ठक्करबाट बालकको मृत्यु



**टुडे समाचारदाता**

रौतहट । रौतहटको गुजरा नगरपालिकामा ट्र्याक्टरको ठक्करबाट १३ वर्षीय बालकको मृत्यु भएको छ ।

जिल्लाको धन्सारबाट जंगलसैयातर्फ आउँदै गरेको ७ त ७५७ नम्बरको धागो काट्ने ट्र्याक्टरले ठक्कर दिँदा गुजरा नगरपालिका-४ मुस्लिमटोलस्थित मामाघर बस्दै आएका १३ वर्षीय शेष सहनबाजको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

साइकल चलाएर गाउँतिर जाने क्रममा ट्र्याक्टरले ठक्कर दिँदा सहनबाजको टाउकोमा गम्भीर चोट लागेको थियो । उनको उपचारका लागि चन्द्रनिगाहपुर लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । बालकको शवलाई घटनास्थलमै राखेर स्थानीय बासिन्दाले जंगलसैया-धन्सार सडक अवरुद्ध समेत पारेका थिए ।

प्रहरीले ट्र्याक्टर चालकलाई नियन्त्रणमा लिएको छ । भने अप्रिय घटना रोक्न घटनास्थलमा सुरक्षाकर्मी परिचालन गरिएको जनाइएको छ ।

# जनकपुरधामद्वारा सामग्री हस्तान्तरण

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाको विभिन्न वडाका दश जना अपांग व्यक्तिलाई उपमहानगरपालिकाले आवश्यक सामग्री हस्तान्तरण गरेको छ ।



जनकपुरधाममा आइतबार अस्ट्रेलियन एड र सिविएम ग्लोबलको आर्थिक सहयोगमा लाइफ नेपालको समन्वयमा एक कार्यक्रम बीच जनकपुरधाम उपमहानगरका नगर प्रमुख साहले सामग्री हस्तान्तरण गरेका छन् ।

सो क्रममा पाँच थान ह्वीलचेयर, तीन थान ट्राइसाइकल, दुई थान वाकर र एक थान बैशाखी हस्तान्तरण गरिएको थियो । नगर प्रमुख साहले जनकपुरधामउपमहानगरपालिकाले पनि अपांगता भएकालाई प्राथमिकतामै राखेर कामकाज गर्ने बताए ।

सो कार्यक्रममा लाइफ नेपालका कार्यकारी निर्देशक सुरैत ठाकुरले अपांगता भएका व्यक्तिलाई जिवन जिउन सहजताका लागि सामग्री हस्तान्तरण गरिएको बताउँदै उनीहरुलाई आत्मनिर्भर बनाउन पनि संस्थाले विभिन्न खालको सहयोग गर्नेगरेको बताए ।

सो कार्यक्रममा राष्ट्रिय अपांग महासंघ मधेश प्रदेशका अध्यक्ष किरण पासमानले जनकपुरधाम उपमहानगरपालिकाको कामलाई अपांगमैत्री बनाउन नगर प्रमुख साहलाई आग्रह गरे ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८